# कर बुलेटिन
## Tax Bulletin

http://www.ird.gov.np आन्तरिक राजस्व विभागको मासिक प्रकाशन

वर्ष ३, अङ्क ५, २०७२ मंसिर (चौथो राष्ट्रिय कर दिवस, २०७२ विशेषाङ्क) Year 3, Issue 5, December 2015


## राजस्व संकलन २ प्रतिशतले वृद्धि

काठमाडौं । आर्थिक वर्ष २०७२/०७३ कात्तिक मसान्तसम्मको राजस्व संकलनमा गत वर्षको सोही अवधिको तुलनामा करिव २ प्रतिशतले वृद्धि भएको छ । आर्थिक वर्ष २०७२/०७३ कात्तिक महिनासम्मको राजस्व संकलनको लक्ष्य रु. ४६ अर्व ४३ करोड २४ लाख ९७ हजार रहेकोमा रु. ३८ अर्व ३६ करोड २२ लाख ५५ हजार संकलन भई लक्ष्यको तुलनामा ८३ प्रतिशतको प्रगति भएको छ । शिर्षकगत रूपमा हेर्दा आयकर तर्फ रु.

Sector wise Revenue Collection (upto 2072 Kartik)

| Sector | Last year collection (RS bn) | Target (Rs bn) | Collection (Rs. bn) | Achieve-ment (%) | Growth Rate (%) |
|---|---|---|---|---|---|
| Income Tax | 13.036 | 15.913 | 12.379 | 78 | 95 |
| Rental Income Tax | 0.732 | 0.775 | 0.869 | 112 | 119 |
| Interest Income Tax | 2.551 | 3.396 | 2.757 | 81 | 108 |
| Total Income Tax | 16.320 | 20.085 | 16.007 | 80 | 98 |
| VAT (domestic) | 12.286 | 15.147 | 14.542 | 96 | 118 |
| Excise (domestic) | 8.819 | 10.750 | 7.460 | 69 | 85 |
| Education Service Fee | 0.132 | 0.184 | 0.153 | 83 | 116 |
| Health Service Tax | 0.180 | 0.265 | 0.198 | 75 | 110 |
| Grand Total | 37.740 | 46.432 | 38.362 | 83 | 102 |
| Deficit in collection: Rs 8.070 bn | | | | | |

१६ अर्व ७२ लाख १ हजार, मूल्य अभिवृद्धि कर रु. १४ अर्व ५४ करोड २५ लाख ४२ हजार र अन्तःशुल्क तर्फ रु. ७ अर्व ४६ करोड ३ लाख ४८ हजार संकलन भएको छ। सो रकम लक्ष्यको तुलनामा आयकर तर्फ ८० प्रतिशत, मूल्यअभिवृद्धि कर तर्फ ९६ प्रतिशत र अन्तशुल्क तर्फ ६९ प्रतिशत हो। त्यसैगरी शिक्षा सेवा शुल्क र स्वास्थ्य सेवा कर क्रमशः रु. १५ करोड ३५ लाख ७५ हजार र रु. १९बाँकी २० पेजमा....

# चौथो राष्ट्रिय कर दिवस भव्यताका साथ सम्पन्न




चौथो राष्ट्रिय कर दिवसको अवसरमा आयोजित विशेष कार्यक्रममा अर्थमन्त्री विष्णुप्रसाद पौडेल लगायत अन्य विशिष्ट पदाधिकारीहरु

काठमाडौं। चौथो राष्ट्रिय कर दिवस तथा कर सप्ताह २०७२ को अवसरमा मंसिर १ गते राजधानीमा आयोजित मूल समारोहमा माननीय अर्थमन्त्री विष्णुप्रसाद पौडेलले पानसमा बत्ती बालेर उद्घाटन गर्नु भएको थियो।

कार्यक्रममा अर्थमन्त्री पौडेलले हामीबीच ठूलो चुनौतीको चाङ भएता पनि आफ्नो प्रयास इमान्दारिता र प्रतिवद्धताले उक्त चुनौतीको सामना गर्ने बताउनुभयो । बहादुरहरुले कर भुक्तानी गर्दैनन् भन्ने मान्यतालाई तोड्दै कर नतिर्ने बहादुर होइन कायर हुन् भन्ने प्रमाणित गर्नुपर्ने बताउनुभयो । अर्थमन्त्री पौडेलले संवैधानिक व्यवस्थाको कार्यान्वयनको लागि आन्तरिक श्रोतको आवश्यक भएको सन्दर्भमा कर प्रणालीमा सुधार गरी स्वस्थ्य एवं प्रभावकारी कर प्रशासन संचालन गर्नुपर्ने विषयमा जोड दिदै पुनर्निर्माण, नवनिर्माणको लागि सरकार प्रयत्नशील भएको जानकारी समेत गराउनु भयो साथै वर्तमान आर्थिक अवस्थाको चित्रण गरी आगामी दिनको रणनीति सहित अर्थ मन्त्रालयले श्वेत पत्र जारी गर्न लागेको पनि बताउनुभयो। हाम्रो देश नेपाल हालसम्म कसैको उपनिवेश नभई स्वतन्त्र भई रहेकोमा अव पनि त्यस्तो हुन नदिनेमा अर्थमन्त्री पौडेलले विश्वास दिलाउनुभयो ।

सो अवसरमा मुख्य सचिव श्री सोमलाल सुवेदीले हामीले गर्ने सुधार नतिजा परिणाममा देखिनु पर्‍यो भन्नुहुँदै वक्यौता हटाउनु पर्ने, कर्मचारीको कार्य संस्कृतिमा सुधार गर्नुपर्ने, नयाँ कराधारको खोजी गर्नुपर्ने र करदाताहरुमा पनि कर्पोरेट कल्चरको विकास हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा अर्थसचिव श्री सुमनप्रसाद शर्माले हाम्रो कर नीति

बाँकी ३ पेजमा....


## आँखीझ्याल

विद्यमान परिस्थितिमा अर्थतन्त्रमा परेको असर विषयमा अन्तर्क्रिया सम्पन्न — पृष्ठ ५

Role of Tax in National Building and Responsibility of Taxpayer — पृष्ठ ८

शैक्षिक परामर्शदातासंग अन्तर्क्रिया सम्पन्न — पृष्ठ १३



# महानिर्देशकको सन्देश

(चौथो राष्ट्रिय कर दिवसको उपलक्ष्यमा मंसिर १ गते आयोजित विशेष कार्यक्रममा महानिर्देशक श्री चुडामणि शर्माले गर्नु भएको सम्बोधनको पूर्ण अंश)

**मुलुकको समुन्नती, विकास र अर्थतन्त्रलाई आत्मनिर्भर, उन्नतशील स्वतन्त्र र राष्ट्रिय हित अनुकूल बनाउदै आर्थिक स्रोतको अधिकतम परिचालनबाट तीव्र आर्थिक विकास गर्नको लागि पनि राजस्व प्रशासनमा क्रमिक सुधार हुँदै आएको कुरा सबैलाई अवगत गराउन चाहन्छु ।**

नेपालमा कर प्रणाली शुरु भएको साढे पांच दशक व्यतित भैसकेको छ । आन्तरिक राजस्वको अधिकतम परिचालन गर्ने उद्देश्यका साथ एकीकृत कर प्रणाली अवलम्बन गर्ने नीति अनुरुप साविकको कर विभाग, मूल्य अभिवृद्धि कर विभागलाई एकीकृत गरी २०५८ साल वैशाख २ गते आन्तरिक राजस्व विभागको स्थापना भएको हो । आयकर प्रशासन गर्ने कानून विश्वव्यापी रुपमा तुलनायोग्य बनाउँदै कराधार फराकिलो दिगो बनाउने गरी आयकर ऐन २०५८ लागू भएको हो भने वस्तु तथा सेवामा लाग्ने बिक्री कर, होटल कर, ठेक्का कर, मनोरन्जन करलाई प्रतिस्थापन गर्दै आधुनिक करको रुपमा वस्तु तथा सेवामा आधारित अत्याधुनिक लक्षित पारदर्शी करको रुपमा मूल्य अभिवृद्धि कर लागू भएको व्यहोरा अवगत गराउन चाहन्छु ।

नेपालमा मुल्य अभिवृद्धिकरलाई समग्र कर प्रणालीको सुदृढीकरण एवं राजस्व परिचालनको मेरुदण्डको रुपमा विकास गर्ने नीति अनुरुप मूल्य अभिवृद्धि करको योगदानलाई महत्व दिई प्रत्येक मूल्य अभिवृद्धि कर लागू भएको दिन मंसिर १ लाई राष्ट्रिय करको रुपमा मनाउने नेपाल सरकारको निर्णयानुसार मिति २०६९ मंसिर १ बाट नियमित रुपमा राष्ट्रिय कर दिवस मनाउदै आइएको व्यहोरा निवेदन गर्न चाहन्छु ।

हामीले भर्खर मात्र आर्थिक, सामाजिक र सास्कृतिक रुपान्तरण सहितको नयाँ संविधान प्राप्त गरेका छौं । यस संविधानले परिकल्पना गरेको उद्देश्य र जनताको अपेक्षा र त्यसलाई व्यवस्थापन गर्नका लागि स्थापना हुने संरचनाको सृजना र कार्यान्वयनको लागि चाहिने साधन स्रोतको अनिवार्य आवश्यकतालाई परिपूर्ति गर्ने दायित्व पनि राजस्व प्रशासनको काँधमा रहेको छ ।

आर्थिक सामाजिक रुपान्तरणको लागि आन्तरिक साधनको परिचालन गरी त्यसको लगानीबाट अर्थतन्त्रको आर्थिक समृद्धि हासिल गर्न पनि राजस्व प्रशासनमा समसामायिक सुधार अपरिहार्य रहेको छ । देशको सर्वाङ्गिण विकास, सामाजिक उत्तरदायित्व, सामाजिक न्याय र सुरक्षाको आकांक्षा परिपूर्तिको लागि फराकिलो र उच्च आर्थिक वृद्धि हासिल गरी प्रभावकाकरी आन्तरिक राजस्व परिचालन गर्नु अपरिहार्य छ ।

देशको पुनर्संरचना, समावेशी विकास तथा लगानीमैत्री कर प्रणाली, बढदो बेरोजगारी असमानता र विभेदको अन्त्य गर्नको लागि वित्त संरचना सुदृढ बनाउदै देशको प्रशासनलाई जनमुखी र करदातामैत्री बनाउनु समेत आजको आवश्यकता हो ।

मुलुकको समुन्नती, विकास र अर्थतन्त्रलाई आत्मनिर्भर, उन्नतशील स्वतन्त्र र राष्ट्रिय हित अनुकूल बनाउदै आर्थिक स्रोतको अधिकतम परिचालनबाट तीव्र आर्थिक विकास गर्नको लागि पनि राजस्व प्रशासनमा क्रमिक सुधार हुँदै आएको कुरा सबैलाई अवगत गराउन चाहन्छु ।

राजस्व प्रशासनमा गर्नु पर्ने सुधारलाई हामी तीव्रता साथ अगाडि बढाउदै आएका छौं । स्वेच्छिक कर सहभागिताको माध्यमबाट कर योगदानमा अभिवृद्धि गर्नको लागि नीतिगत, प्रकृयागत, संरचनागत र व्यवस्थापकीय एवं व्यवहारगत सुधार गर्दै विश्वव्यापीकरणको बढ्दो लहरबाट सिर्जित प्रभावको मूल्याकन र विश्लेषण गर्दै आउन सक्ने जटिलता न्यून गरी आन्तरिक क्षमता अभिवृद्धिको लागि हामी अग्रसर भएका छौ । अनुसन्धानमा आधारित कर नीतिको तर्जुमा, करदाताको आवश्यकतामा आधारित करदाता शिक्षा, सूचना प्रविधिमा आधारित करदाता सेवा, वैज्ञानिक प्रक्षेपणमा आधारित राजस्वको लक्ष निर्धारण, स्वेच्छिक कर सहभागितामा आधारित कर नीति, तथ्य र सूचनामा आधारित अनुसन्धान, जोखिममा आधारित कर परीक्षण, प्रमाणमा आधारित चुहावट नियन्त्रण, न्यायिक मूल्यमा आधारित निर्णय प्रकृया जस्ता प्रणालीगत मागदर्शनका आधारमा विभागको समग्र कार्य संचालित छ ।

अब म विगतमा आन्तरिक राजस्व कार्यालयले गरेका कार्यहरुको संक्षितरुपमा राख्नको लागि अनुमति चाहन्छु ।

- देशको समग्र आर्थिक परिसूचकहरुलाई अध्ययन, विश्लेषण र संश्लेषण गर्दा आर्थिक वर्ष २०७१।०७२ मा कूल राजस्व र GDP को अनुपात करिब १८ पुगेको छ भने कर राजस्वको १७.६४ अनुपात पुगेको छ । गत वैशाखमा आएको विनाशकारी महा-भूकम्पबाट भएको ठूलो धन जनको क्षति र त्यसबाट आर्थिक क्षेत्रमा पर्न गएको प्रभावको बाबजुद पनि आर्थिक वर्ष २०७१।७२ मा संशोधित राजस्व लक्ष १ खर्ब ५७ अर्ब ५० करोड भएकोमा रु १ खर्ब ६० अर्ब ९ करोड असुली भई लक्षको तुलनामा १४ प्रतिशतले बढी अर्थात २ अर्ब ५९ करोडले बढी असुली भएको छ भने विगत ३ वर्षको अवधिमा हेर्ने हो भने करिब २० प्रतिशत राजस्व बृदी हुदै आएको व्यहोरा अवगत गराउन चाहन्छु ।
- करको दायरा विस्तार तर्फ आर्थिक वर्ष २०७१।७२ मा १ लाख ८१ हजार ३ सय २८ करदाताहरु थप भई कूल करदाता सख्या १२ लाख ९२ हजार ३ सय ४५ पुगेको छ । वक्यौता असुली तर्फ कर असुली तथा समायोजन गरी ११ अर्ब ६० करोड ८९ लाख वक्यौता घटाईएको छ । आर्थिक वर्ष २०७१।७२ मा ५ हजार ८ सय ६२ करदाताको कर परीक्षण गरी ८ अर्ब ६१ करोड १० लाख निर्धारण गरिएको छ । अनुसन्धानमूलक कर परीक्षण तर्फ १ हजार ५ सय ६७ करदाताको कर परीक्षण गरी रु २ अर्ब ५ करोड कर निर्धारण गरिएको छ । बेरुजु फछ्यौट तर्फ यस वर्ष १ अर्ब ८० करोड ५८ लाख फछ्यौट भएको छ । वक्यौता नतिर्ने करदाता मध्ये मूल्य अभिवृद्धि (बांकी १९ पेजमा)

## १ पेजको बांकी...

उपयुक्त रहेको र हाम्रो बजेट निर्माणमा करिव ८० प्रतिशत योगदान राजस्वबाट हुने गरेको र २० प्रतिशत मात्र वैदेशिक श्रोतबाट व्यहोरिने बताउनुभयो । कार्यक्रममा राजस्व सचिव श्री राजन खनालले कर तिर्ने करदाता र सम्पूर्ण कर प्रशासनलाई धन्यवाद दिनुहुँदै कर कानूनमा सुधार गर्नुपर्ने, कर भुक्तानी गर्न कर प्रशासन आउन नपर्ने र करदाताले थाहा नपाई करको भुक्तानी गर्न सकिने व्यवस्था गर्न लागेको पनि बताउनुभयो । साथै राज्यको स्रोतको पुनः वितरणको प्रमुख विषय कर नै भएकोले यसको विकल्प नभएको बताउनुभयो ।

कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले चौथो राष्ट्रिय कर दिवस मनाउनुको उद्देश्य र त्यस अवसरमा गरिएका कार्य र त्यसको प्रभावको वारेमा समीक्षा गर्नु भएको थियो । महानिर्देशक शर्माले हालै मात्र नयाँ संविधान जारी भएको र त्यसले परिलक्षित गरेका जनताको इच्छा, आकांक्षा पूर्ति गर्नका लागि आन्तरिक श्रोतको परिचालन र वृद्धि आवश्यक रहेको बताउनु हुंदै आ.व. २०७१/७२ मा आन्तरिक राजस्व विभागले गरेका कार्य प्रगति वारेमा संक्षिप्त रुपमा प्रकाश पार्नु भएको थियो । साथै आन्तरिक राजस्व विभागले हाल गरेका सुधारको कार्य र आगामी दिनमा गरिने कार्यको वारेमा समेत उल्लेख गर्नु भएको थियो । साथै उहाँले हाम्रा सामु रहेका चुनौतीलाई आगामी दिनमा प्रतिवद्धताका साथ पूरा गरिने पनि बताउनुभयो भने कर प्रशासनमा काम गर्ने कर्मचारी र कर भुक्तानी गर्ने करदातामा सदैव इमान्दार र पारदर्शीता कायम राखी राष्ट्र निर्माणमा अगाडि बढ्न आग्रह समेत गर्नुभयो । पूर्व महानिर्देशकहरुको तर्फबाट श्री महेश्वर शर्मा पौडेलले हामीले कर प्रशासनमा धेरै सुधार गरिदै आएको भएतापनि अझ धेरै सुधारको खाँचो रहेको बताउनुभयो ।

उक्त कार्यक्रममा समग्र उद्योगी व्यवसायी र उहाँहरुका पेशागत छाता संघहरुको प्रतिनिधित्व गर्दै नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष श्री पशुपति मुरारकाले लामो समयदेखिको बन्द हड्तालले उद्योग धन्दामा व्यापक असर परेको र उक्त अवस्थाबाट वैंकको व्याज भुक्तानी, कर्मचारी ज्याला भुक्तानी गर्नु परेकोमा उद्योग धन्दा मारमा परेको बताउनुभयो । सम्मानित हुने

### आन्तरिक राजस्व विभागद्वारा उत्कृष्ट कार्यसम्पादन गरे बापत पुरस्कृत गरिएका कार्मचारीहरुको नामावली

| सि.नं | कर्मचारीको पद, नाम, थर | कार्यालयको नाम |
|---|---|---|
| १ | उप महानिर्देशक श्री राममणि दुवाडी | आन्तरिक राजस्व विभाग |
| २ | निर्देशक श्री उत्तमभक्त वाग्ले | आन्तरिक राजस्व विभाग |
| ३ | निर्देशक श्री चेतनाथ दाहाल | आन्तरिक राजस्व विभाग |
| ४ | निर्देशक श्री खिमबहादुर कुँवर | आन्तरिक राजस्व विभाग |
| ५ | निर्देशक श्री गोपीकृष्ण कोइराला | आन्तरिक राजस्व विभाग |
| ६ | निर्देशक श्री चूडामणि ढुङ्गाना | आन्तरिक राजस्व विभाग |
| ७ | प्र.क.अ. श्री दीर्घराज मैनाली | ठुला करदाता कार्यालय |
| ८ | प्र.क.अ. श्री शरद् चन्द्र पौडेल | आन्तरिक राजस्व कार्यालय बुटवल |
| ९ | प्र.क.अ. श्री चन्द्र बहादुर खड्का | आन्तरिक राजस्व कार्यालय काठमाण्डौ क्षेत्र न. २ |
| १० | शाखा अधिकृत श्री आनन्द काफ्ले | आन्तरिक राजस्व विभाग |
| ११ | शाखा अधिकृत श्री सुजित कुमार सिंह | आन्तरिक राजस्व विभाग |
| १२ | शाखा अधिकृत श्री विनोद प्रसाद आचार्य | आन्तरिक राजस्व विभाग |
| १३ | शाखा अधिकृत श्री प्रकाश शर्मा ढकाल | आन्तरिक राजस्व विभाग |
| १४ | कर अधिकृत श्री प्रमोद कुमार श्रीवास्तव | आन्तरिक राजस्व कार्यालय ,महेन्द्रनगर |
| १५ | नायव सुब्बा श्री अम्वर बहादुर राई | आन्तरिक राजस्व कार्यालय धरान |
| १६ | ना.सु. श्री उर्मीलादेवी मानन्धर | करदाता सेवा कार्यालय चावहिल |
| १७ | नायव सुब्बा श्री कल्पना तण्डुकार | ठुला करदाता कार्यालय |
| १८ | नायव सुब्बा श्री कृष्ण प्रसाद भण्डारी | करदाता सेवा कार्यालय नयाँ सडक |
| १९ | लेखापाल श्री तारा प्रसाद निरौला | आन्तरिक राजस्व विभाग |
| २० | डा.इ.सु. श्री प्रचण्ड नकर्मी | आन्तरिक राजस्व विभाग |
| २१ | कार्यालय सहयोगी धनवहादुर मगर | आन्तरिक राजस्व कार्यालय काठमाडौं क्षेत्र नं १ |

### सम्मानित/पुरस्कृत भएका करदाताहरुको विवरण (आ.ब. ०७०।०७१ को कर सहभागिताको आधारमा)

| सि.नं | क्षेत्र | करदाताको नाम |
|---|---|---|
| १ | सबैभन्दा बढी आयकर तिर्ने | एनसेल प्रा.लि. |
| २ | सबैभन्दा बढी मूल्य अभिवृद्धि कर तिर्ने | नेपाल दूरसंचार कम्पनी लि. |
| ३ | सबैभन्दा बढी अन्तःशुल्क तिर्ने | सूर्य नेपाल प्रा.लि. |
| ४ | सबैभन्दा बढी शिक्षा सेवा शुल्क तिर्ने | काठमाडौं मेडिकल कलेज लि. |
| ५ | सबैभन्दा बढी स्वास्थ्य सेवा कर तिर्ने | ऊँ हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि. |
| ६ | उद्योग मध्ये सबैभन्दा बढी आयकर तिर्ने | एरोटेक प्रा.लि. |
| ७ | कृषि उद्योग मध्ये सबैभन्दा बढी आयकर तिर्ने | सि.जी. फुड्स (नेपाल) प्रा.लि. |
| ८ | औषधि उद्योग मध्ये सबैभन्दा बढी आयकर तिर्ने | देउराली जनता फर्मास्युटिकल्स प्रा.लि. |
| ९ | व्यापार व्यवसाय मध्ये सबैभन्दा बढी आयकर तिर्ने | अग्नि इन्कर्पोरेटेड प्रा.लि. |
| १० | प्रोप्राइटरशीप फर्म मध्ये सबैभन्दा बढी आयकर तिर्ने | पशुपति ट्रेड लिंक |
| ११ | निर्यातकर्ताहरु मध्ये सबैभन्दा बढी आयकर तिर्ने | डाबर नेपाल प्रा.लि. |
| १२ | बाणिज्य बैंक मध्ये सबैभन्दा बढी आयकर तिर्ने | नबिल बैंक लि. |
| १३ | विकास बैंक मध्ये सबैभन्दा बढी आयकर तिर्ने | एन.आइ.डी.सी. डेभलपमेन्ट बैंक लि. |
| १४ | वित्तीय संस्था (फाइनान्स) मध्ये सबैभन्दा बढी आयकर तिर्ने | नारायणी नेशनल फाइनान्स कम्पनी लिमिटेड |
| १५ | लघुवित्त विकास बैंक मध्ये सबैभन्दा बढी आयकर तिर्ने | स्वावलम्वन लघुवित्त विकास बैंक लि. |
| १६ | बिमा व्यवसाय मध्ये सबैभन्दा बढी आयकर तिर्ने | लाइफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लि. |
| १७ | विप्रेषण व्यवसाय मध्ये सबैभन्दा बढी आयकर तिर्ने | आइएमई लिमिटेड |
| १८ | सहकारी संस्था मध्ये सबैभन्दा बढी आयकर तिर्ने | राष्ट्रिय सहकारी बैंक लिमिटेड |
| १९ | अस्पतालहरु मध्ये सबैभन्दा बढी आयकर तिर्ने | नर्भिक इन्टरनेशनल हस्पिटल एण्ड मेडिकल कलेज |

कर सहभागिता अभिबृद्धि गर्नमा सहयोग गरे वापत सम्मानित संघ संस्थाहरु

| क.सं | संघ संस्थाको नाम |
|---|---|
| १ | शैक्षिक परामर्श संघ नेपाल |
| २ | नेपाल खुद्रा व्यापार संघ |
| ३ | कारोबार दैनिक |
| ४ | नेपाल आर्थिक पत्रकार समाज |
| ५ | नेपाल विकास बैंक संघ |
| ६ | अडिटर्स एशोसियसन अफ नेपाल (अडान) |
| ७ | नेपाल बार एसोसिएसन |
| ८ | नेपाल चार्टर्ड एकाउण्टेन्ट संस्था |
| ९ | राष्ट्रिय सहकारी संघ |
| १० | नेपाल उद्योग परिसंघ |
| ११ | नेपाल उद्योग वाणिज्य महासंघ |
| १२ | DANIDA |
| १३ | GIZ |

| | | |
|---|---|---|
| २० | मेडिकल कलेज मध्ये सबैभन्दा बढी आयकर तिर्ने | मनिपाल एजुकेशन एण्ड मेडिकल ग्रुप प्रा. लि. |
| २१ | मेडिकल कलेज अन्य शैक्षिक संस्थाहरुमध्ये सबैभन्दा बढी आयकर तिर्ने | एपेक्स कलेज प्रा.लि. |
| २२ | होटलहरु मध्ये सबैभन्दा बढी आयकर तिर्ने | सोल्टी होटल लिमिटेड |
| २३ | वायुसेवाहरु मध्ये सबैभन्दा बढी आयकर तिर्ने | बुद्ध एयर प्रा.लि. |
| २४ | ट्राभल एण्ड ट्रेकिङ व्यवसायमध्ये सबैभन्दा बढी आयकर तिर्ने | सिटा वर्ल्ड ट्राभल नेपाल प्राइभेट लिमिटेड |
| २५ | चिकित्सकहरु मध्ये सबैभन्दा बढी आयकर तिर्ने | डा. उपेन्द्र देवकोटा |
| २६ | कानून व्यवसायीहरु मध्ये सबैभन्दा बढी आयकर तिर्ने | कानुन अनुसन्धान तथा विकास फोरम (फ्रिडिल) |
| २७ | लेखापरीक्षण व्यवसाय चार्टर्ड एकाउण्टेन्ट मध्ये सबैभन्दा बढी आयकर तिर्ने | सीएससी एण्ड कम्पनी |
| २८ | दर्तावाल लेखापरीक्षक मध्ये सबैभन्दा बढी आयकर तिर्ने | एस.पी. दाहाल एण्ड कम्पनी |
| २९ | इन्जिनियरिङ व्यवसाय मध्ये सबैभन्दा बढी आयकर तिर्ने | जेड कन्सल्ट प्रा.लि. |
| ३० | हाउजिङ व्यवसायीहरु मध्ये सबैभन्दा बढी आयकर तिर्ने | सनराइज एपार्टमेन्ट प्रा.लि. |
| ३१ | प्रकाशन गृहमध्ये सबैभन्दा बढी आयकर तिर्ने | गोरखापत्र संस्थान |
| ३२ | साना करदाता (रु ५ करोड सम्म वार्षिक कारोबार हुने) मध्ये सबैभन्दा बढी आयकर तिर्ने | सम्सारा रेमिट प्रा.लि. |
| ३३ | मझौला करदाता (रु ५ करोड देखि रु ४० करोडसम्म वार्षिक कारोबार हुने) मध्ये सबैभन्दा बढी आयकर तिर्ने | नेपाल धितोपत्र विनिमय बजार लि. |
| ३४ | व्यक्तिगत आयकर तिर्नेहरु मध्ये सबैभन्दा बढी कर तिर्ने | प्रगुण राजभण्डारी |
| ३५ | व्यक्तिगत आयकर तिर्नेहरु मध्ये सबैभन्दा बढी कर तिर्ने महिला | जया शाह |
| ३६ | नवीनतम, सृजनशिल एवं उत्प्रेरक व्यवसायी | अष्ट्रिच नेपाल प्रा.लि. |

करदाताको तर्फबाट डा. उपेन्द्र देवकोटाले करका दरहरुमा एकल दर लगाउनु पर्ने र विना झन्झट कर तिर्ने वातावरण बनाउनु पर्ने भन्नुहुँदै हरेकले आफ्नो आम्दानीबाट अनिवार्य रुपमा कर तिर्नुपर्छ भन्ने भावनाको विकास हुनुपर्ने विचार राख्नुभयो ।

उक्त अवसरमा उत्कृष्ट काम गर्ने आन्तरिक राजस्व विभाग तथा अन्तर्गतका २१ कर्मचारीहरु र उच्च कर सहभागिता र कर भुक्तानी गर्ने ३६ करदाता तथा कर सचेतना तथा कर सम्बन्धी विषयमा उल्लेखनीय योगदान गर्ने विभिन्न संघसंस्थाहरु १३, पूर्व महानिर्देशहरु मध्ये ३ जनालाई सम्मान गरिएको थियो भने हाजिरी जवाफ प्रतियोगिता, निवन्ध तथा कविता वाचन तर्फ प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुने २० जनालाई नगद पुरस्कार तथा प्रशंसापत्र प्रदान गरिएको थियो। उक्त पुरस्कारको राशी क्रमशः २५ हजार, २० हजार, १५ हजार र १० हजार रहेको थियो ।

नेपालमा मूल्य अभिवृद्धि करलाई समग्र कर प्रणालीको सुदृढीकरण एवं राजस्व परिचालनको मेरुदण्डको रुपमा विकास गर्ने नीति अनुरुप मूल्य अभिवृद्धि करको योगदानलाई महत्व दिई प्रत्येक वर्ष मूल्य अभिवृद्धि कर लागू भएको दिन २०६९ मंसिर १ गतेलाई राष्ट्रिय कर दिवसको रुपमा मनाउने नेपाल सरकारको निर्णय अनुसार २०७२ मंसिर १ गते चौथो राष्ट्रिय कर दिवस भव्यताका साथ सम्पन्न भएको हो । 'समृद्ध राष्ट्र निर्माण र फराकिलो कराधार: करदातामैत्री एवं सुदृढ कर प्रणालीको पूर्वाधार' को नारा सहित राष्ट्रिय कर दिवस मनाइएको हो ।

कर दिवसलाई देशव्यापी रुपमा साप्ताहिक रुपमा विविध कार्यक्रमहरु संचालन गरी मनाउने गरिदै आएको छ। प्रथम पटक २०६९ साल मंसिर १ गतेबाट शुरु भएको दिवस यस वर्ष चौथो कर दिवसको रुपमा मनाइएको हो । यस कार्यक्रमलाई केन्द्रीय कार्यक्रमको रुपमा उपत्यकामा सम्पूर्ण सरकारी कार्यालयहरु, निजी क्षेत्र, उद्योग वाणिज्य तथा वित्तीय क्षेत्र, स्थानिय निकाय, विकास साझेदार लगायतको सहभागितामा मनाउने गरिएको छ भने आन्तरिक राजस्व विभाग अन्तर्गतका सम्पूर्ण कार्यालयहरुले कार्यालयस्तरमा मनाउने गरिएको छ ।

### हाजिरी जवाफ, निबन्ध, कविता प्रतियोगिताका विजेताहरुको नामावली

**हाजिरी जवाफ प्रतियोगिता**

| | |
|---|---|
| प्रथम | करदाता सेवा कार्यालय, चावहिल |
| द्वितीय | आन्तरिक राजस्व कार्यालय, ललितपुर |
| तृतीय | करदाता सेवा कार्यालय, नयाँ वानेश्वर |
| सान्त्वना | करदाता सेवा कार्यालय, त्रिपुरेश्वर |

**निवन्ध प्रतियोगिता**

| स्कुल | स्थान | नाम |
|---|---|---|
| के.एम.सी. स्कुल, बुद्धनगर | प्रथम | श्री रमन अर्याल |
| लिटिल एन्जेल्स् स्कुल, हात्तीवन ललितपुर | द्वितीय | श्री कीर्ति महर्जन |
| ज्ञानेदय उच्च माद्यामिक विद्यालय, कालिमाटी | तृतीय | श्री शुभेच्छा डल्लाकोटी |
| फ्लोरोसेन्ट उच्च माद्यामिक विद्यालय, गोंगबु | सान्त्वना | श्री प्रतिक कँडेल |

**कविता प्रतियोगिता**

| स्कुल | स्थान | नाम |
|---|---|---|
| काठमाडौं फरेस्टी कलेज | प्रथम | श्री सन्देश लामिछाने |
| कुमारी बहुमुखी क्याम्पस | द्वितीय | श्री विनु गोले |
| आदर्श आजाद उच्च माद्यामिक विद्यालय | तृतीय | श्री दीपा थापा |
| कुमारी बहुमुखी क्याम्पस | सान्त्वना | श्री गीता श्रेष्ठ |

# विद्यमान परिस्थितिमा अर्थतन्त्रमा परेको असर विषयमा अन्तर्क्रिया सम्पन्न






काठमाडौं । चौथो राष्ट्रिय कर दिवस तथा कर सप्ताह २०७२ को उपलक्ष्यमा आन्तरिक राजस्व विभाग, नेपाल उद्योग वाणिज्य महासंघ र आर्थिक पत्रकार समाजको संयुक्त आयोजनामा 'विद्यमान परिस्थितिमा अर्थतन्त्रमा परेको असर' विषयमा मंसिर ७ गते होटल हिमालयमा अन्तर्क्रिया तथा आन्तरिक राजस्व विभाग अन्तर्गतका काठमाडौंस्थित प्रत्येक कार्यालय अर्न्तगतका करदाता र कर्मचारीलाई सम्मान गर्ने कार्यक्रम सम्पन्न भएको छ । (सम्मानितहरुको विवरण हेर्नुहोस् बक्समा तल)

कार्यक्रममा अर्थमन्त्री विष्णु पौडेलले अन्तर्क्रिया कार्यक्रममा छलफलबाट निस्केको सुझाव र निस्कर्षलाई मार्गदर्शनको रुपमा लिने बताउनुभयो । मुलुकमा विद्यमान समस्याबाट कोही अछुतो नरहेको बताउनुहुँदै सिंगो राष्ट्र नै असाधारण संकटमा रहेको जानकारी दिनुभयो । मुलकले विगतदेखि नै समस्याहरु बोक्दै आएको बताउनुहुँदै समस्याको दीर्घकालीन समाधानको लागि २०२७ र २०४५ सालमा लागेको नाकावन्दीबाट पाठ सिक्न नसकिएको बताउनुभयो । समस्या परिसकेपछि मात्र समाधान खोज्ने गरिएको जानकारी दिनुहुँदै मुलुकमा भूकम्पबाट क्षति भएका संरचनाको पुनर्निर्माणको काम शुरु गर्न नपाउँदै अघोषित नाकावन्दीको सामना गर्नु परेको बताउनुभयो । मन्त्री पौडेलले संविधान सभाबाट लोकतान्त्रिक माध्यमबाट संविधान जारी भएको बताउनुहुँदै कसको कारणले नाकावन्दीको सिर्जना भयो गम्भीर प्रश्न उब्जिएको बताउनुभयो । उहाँले कालो बजारी नियन्त्रण गर्न, आपूर्ति समस्या समाधान गर्न र न्यायिक वितरण गर्न सरकार प्रतिवद्ध रहेको जानकारी दिनुभयो । राजनीतिक समस्या समाधान गर्न सरकार लागि परेको जानकारी दिनुहुँदै सरकारलाई सार्थक सुझाव पेश गर्न आग्रह गर्नुभयो ।

व्यवस्थापिका संसदको विकास समितिका सभापति श्री रविन्द्र अधिकारीले सरकारले मधेशमा भएको आन्दोलनलाई सम्बोधन गर्दा अर्को आन्दोलन नजन्मियोस् भन्नुहुँदै राष्ट्रिय समस्याको मिलेर समाधान खोज्नुपर्ने बताउनुभयो । सरकारले न्यूनतम के के गर्ने हो संकल्प गर्नुपर्ने बताउनुहुँदै २०२७ र २०४५ सालको नाकावन्दीको दस्तावेजलाई अध्ययन गर्नुपर्ने बताउनुभयो । भूपरिवेष्ठित मुलुक नेपालमा उत्तर र दक्षिण दुवै तर्फबाट समान रुपमा आयात निर्यातको व्यापार हुनुपर्ने बताउनुभयो ।

**आन्तरिक राजस्व विभाग अन्तर्गतका काठमाण्डौंका विभिन्न कार्यालयबाट सम्मानित/पुरस्कृत भएका करदाताहरुको विवरण**

| सि.नं | कार्यालय | क्षेत्र | करदाताको नामावली |
|---|---|---|---|
| १. | आ.रा.का. काठमाण्डौं क्षेत्र नं. १ | सवैभन्दा बढी आयकर तिर्ने | कर्जा सूचना केन्द्र कम्पनी लि. |
| | | वित्तिय संस्थामध्ये सवैभन्दा बढी आयकर तिर्ने | युनिक फाइनान्स लि. |
| | | अस्पतालमध्ये सवैभन्दा बढी आयकर तिर्ने | मेडिकेयर नेशनल हस्पिटल एण्ड रिसर्च सेन्टर लि. |
| २. | करदाता सेवा कार्यालय, पुतलीसडक | ईञ्जिनियरिङ व्यवसायमध्ये सवैभन्दा बढी आयकर तिर्ने | सानिमा हाइड्रो एण्ड इन्जिनियरिङ प्रा.लि. |
| | | कानून व्यवसायीमध्ये सवैभन्दा बढी आयकर तिर्ने | पायोनियर ल एशोसियटस प्रा.लि. |
| | | चिकित्सकमध्ये सवैभन्दा बढी आयकर तिर्ने | डा. सुनिल कुमार शर्मा |
| ३. | करदाता सेवा कार्यालय, बानेश्वर | सवैभन्दा बढी आयकर तिर्ने | प्रुडेन्सियल ओभरसिज प्रा.लि. |
| | | शैक्षिक संस्थामध्ये सवैभन्दा बढी आयकर तिर्ने | सेन्ट्रल ईन्टिच्युट अफ साईन्स एण्ड टेक्नोलोजी |
| | | होटल व्यवसायमध्ये सवैभन्दा बढी आयकर तिर्ने | होटल सनसेट भ्यू |
| ४. | करदाता सेवा कार्यालय, बत्तीसपुतली | सवैभन्दा बढी आयकर तिर्ने | श्रीकृष्ण सेक्युरिटिज लि. |
| | | सवैभन्दा बढी मु.अ.कर तिर्ने | सिल्ट कन्सल्ट्यान्ट्स प्रा.लि. |
| | | व्यापार व्यवसायमध्ये सवैभन्दा बढी आयकर तिर्ने | ग्रेट हिमालय ट्रेडर्स प्रा.लि. |
| ५. | करदाता सेवा कार्यालय, चाबहिल | सवैभन्दा बढी आयकर तिर्ने करदाता | ग्लोवल एकेडेमी अफ हस्पिटालिटी एजुकेशन प्रा.लि. |
| | | हस्तकला व्यवसायमध्ये सवैभन्दा बढी आयकर तिर्ने | न्यू हस्तकला एकस्पोर्ट |
| | | चिकित्सकमध्ये सवैभन्दा बढी आयकर तिर्ने | डा.सविना श्रेष्ठ (प्रधान) |
| ६. | करदाता सेवा कार्यालय, कोटेश्वर | सवैभन्दा बढी आयकर तिर्ने | सहकाली बचत तथा ऋण सहकारी संस्था |
| | | शैक्षिक संस्थामध्ये सवैभन्दा बढी आयकर तिर्ने | काठमाण्डौं फरेष्टी कलेज |
| | | सप्लायर्समध्ये सवैभन्दा बढी आयकर तिर्ने | सुनगाभा सप्लाई एण्ड सरसफाई प्रा.लि. |

व्यवस्थापिका संसदको कृषि तथा जलस्रोत समितिका सभापति श्री गगन थापाले तीन महिनादेखि मधेश ठप्प रहेको जानकारी दिनुहुँदै संघीयताको विषयलाई परिपक्व हिसावले सम्बोधन गर्न नसकिएको जानकारी दिनुभयो। नेपालको सीमानामा भएको आन्दोलनलाई वहाना बनाएर अमानवीय तवरले नाकावन्दी लगाइएको बताउनुहुँदै यसको समाधान हामी आफैले गरेर मुलुकभित्रको कालो बजारी नियन्त्रण गर्न जरुरी रहेको बताउनुभयो। अर्थतन्त्रलाई नयाँ शिराबाट उठाउन सारा नेपालीले साथ दिने बताउनुहुँदै जलविद्युत आयोजना बन्न नदिने, प्रशारण लाइन विस्तार गर्न नदिने तत्व पहिचान गर्नुपर्ने उहाँको भनाइ थियो।

व्यवस्थापिका संसदको उद्योग वाणिज्य तथा उपभोक्ता हित सम्बन्ध समितिका सभापति श्री भिष्म आङदम्बेले भूपरिवेष्ठित मुलुकको अधिकारको विषयलाई राजनीतिक रुपमा अन्तर्राष्ट्रियकरण गर्नुपर्ने बताउनुहुँदै क्षतिपूर्ति सहितको अन्तर्राष्ट्रिय कानुन समेतको प्रयोग गर्नुपर्ने कुरामा जोड दिनुभयो। भारतमा उद्योगी व्यवसायीका सामानहरु अड्किदा व्यवसायीले अनावश्यक रुपमा ऋणको भार बोक्नु परेको उहाँको भनाइ थियो।

पूर्व अर्थ सचिव श्री रामेश्वर खनालले व्यवसायीलाई सरकारले चौविसै घण्टा उर्जा उपलव्ध गराए पनि उद्योग संचालन गर्ने वातावरण नभएको बताउनुभयो। भूकम्पले पुऱ्याएको क्षति पुनर्निर्माण कार्यमा मुलुककै अर्थतन्त्रले चार पाँच वर्षमा सकिनेमा नाकावन्दीले मुलुकको राजस्व घटेको, स्रोत घटेकोले सरकारको खर्च गर्ने क्षमता घटेको बताउनुभयो। मुलुकको विद्यमान समस्याको मसाधान राजनीतिक तवरमा खोजिनुपर्ने बताउनुहुँदै अपारदर्शी अर्थतन्त्रलाई नियन्त्रण गर्नुपर्ने जानकारी दिनुभयो। व्यापार विविधीकरणको लागि पूर्वाधार तयार गर्नुपर्ने बताउनुहुँदै कालो अर्थतन्त्र मौलाउँदै जाँदा विकृतिहरु मौलाएको समेत उहाँको भनाइ थियो।

राजस्व सचिव श्री राजन खनालले मुलुकमा आई परेको असहज परिस्थितिले उद्योगी, व्यवसायी लगायत समग्र जनता मारमा परेको बताउनुभयो। उहाँले लक्ष्यको तुलनामा ३० अर्व कम राजस्व संकलन भएको तथा आयात, निर्यात घटेको जानकारी दिनुहुँदै आगामी दिन हाम्रा लागि चुनौतिपूर्ण रहेको बताउनुभयो। करदाताबाट संकलन भएको कर जनताहरुलाई नै वितरण गर्ने बताउनुहुँदै राज्यलाई कहींबाट प्राप्त हुन्छ भने वितरण गर्न सक्छ, प्राप्त हुन सकेन भने वितरण गर्न सक्दैन भन्नुभयो। सचिव खनालले धेरै मुलुकहरुमा युद्धको बेलामा पनि कर लगाइएको बताउनुहुँदै राज्यले व्यवसायीका लागि विवरण बुझाउने सन्दर्भमा सुविधा प्रदान गरेको जानकारी दिनुभयो।

पूर्व मुख्य सचिव श्री विमल कोइरालाले मुलकको विद्यमान समस्या हामी आफैंले जन्माएको बताउनुहुँदै संविधान नै त्यसको बाधक हो त ? भनी प्रश्न गर्नुभयो। कालो बजारी मौलाइरहेको बताउनुहुँदै सरकारले तदर्थ र आकस्मिक कार्यक्रम ल्याउनुपर्ने उहाँको भनाइ थियो।

आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले सरकारलाई स्रोतको आवश्यकता हुने बताउनहुँदै जति जति मुलुकमा संकट पर्दै जान्छ त्यतिबेला आन्तरिक करको भूमिका अझै बढी हुने बताउंदै आर्थिक वर्ष २०७१/७२ को मुख्य मुख्य कार्य र वर्तमानको असहज परिस्थितिको असरवारे चर्चा गर्नु भएको थियो। साथै उहांले असहज परिस्थिति छिटो भन्दा छिटो समाधान होस भन्ने अपेक्षा

| | | | |
|---|---|---|---|
| ७. | आ.रा.का. काठमाण्डौं क्षेत्र नं. २ | सवैभन्दा बढी आयकर तिर्ने | जेविल्स फाइनान्स लि. |
| | | व्यापार व्यवसायमध्ये सवैभन्दा बढी आयकर तिर्ने | सिन्धु सर्जिकल कन्सर्न प्रा.लि. |
| | | उध्योगमध्ये सवैभन्दा बढी आयकर तिर्ने | एम के पेपर मिल्स प्रा.लि. |
| ८. | करदाता सेवा कार्यालय, त्रिपुरेश्वर | सवैभन्दा बढी आयकर तिर्ने | एडभान्स ईन्जिनियरिङ एण्ड मेशिनरी ट्रेडिङ |
| | | व्यापार व्यवसायमध्ये सवैभन्दा बढी आयकर तिर्ने | मेट्रो डाईग्नोष्टिक प्रा.लि. |
| | | सहकारी संस्थामध्ये सवैभन्दा बढी आयकर तिर्ने | धवलागिरी बचत तथा ऋण सहकारी संस्था लि. |
| ९. | करदाता सेवा कार्यालय, न्यूरोड | सवैभन्दा बढी आयकर तिर्ने | एवीसी सेक्यूरिटिज् प्रा.लि. |
| | | सहकारी संस्थामध्ये सवैभन्दा बढी आयकर तिर्ने | चाइना ट्रेड वहुउद्देश्यीय सहकारी संस्था लि. |
| | | व्यापार व्यवसायमध्ये सवैभन्दा बढी आयकर तिर्ने | नाहाटा इन्टरनेशनल प्रा.लि. |
| १०. | करदाता सेवा कार्यालय, ठमेल | सवैभन्दा बढी आयकर तिर्ने करदाता | रेन्वो ट्राभल्स एण्ड टुर्स प्रा.लि. |
| | | होटल व्यवसायमध्ये सवैभन्दा बढी आयकर तिर्ने | फुजी होटल प्रा.लि. |
| | | शैक्षिक संस्थामध्ये सवैभन्दा बढी आयकर तिर्ने करदाता | जलजला शिशु सदन माध्यमिक वि( ध्यालय |
| ११. | आ.रा.का. काठमाडौं क्षेत्र नं. ३ | सवैभन्दा बढी आयकर तिर्ने करदाता | श्री शिव शक्ति प्रोडक्ट्स प्रा.लि. |
| | | व्यापार व्यवसायमध्ये सवैभन्दा बढी आयकर तिर्ने | इको क्रियशन |
| | | होटल व्यवसायमध्ये सवैभन्दा बढी आयकर तिर्ने | होटेल टिवेत प्रा.लि. |
| १२. | करदाता सेवा कार्यालय, टंगाल | सवैभन्दा बढी आयकर तिर्ने | होटल ग्याङजोङ प्रा.लि. |
| | | व्यापार व्यवसायमध्ये सवैभन्दा बढी आयकर तिर्ने | लाइफ ट्रृष्ट मेडिडाइग्नोष्टिक प्रा.लि. |
| | | कार्गो व्यवसायमध्ये सवैभन्दा बढी आयकर तिर्ने | इन्टिग्रेटेड सलुसन्स प्रा.लि. |
| १३. | करदाता सेवा कार्यालय, महाराजगंज | सहकारी संस्थामध्ये सवैभन्दा बढी आयकर तिर्ने | कर्मठ वचत तथा ऋण सहकारी संस्था लि. |
| | | सवैभन्दा बढी आयकर तिर्ने | स्तुभा ट्रेडिङ कर्न्सन |
| | | रेमिट्यान्स व्यवसायमध्ये सवैभन्दा बढी आयकर तिर्ने | सवाह रेमिट प्रा.लि. |
| १४. | करदाता सेवा कार्यालय, बालाजु | सहकारी संस्थामध्ये सवैभन्दा बढी आयकर तिर्ने | महिला सहयोगी बचत तथा ऋण सहकारी संस्था |
| | | होटल व्यवसायमध्ये सवैभन्दा बढी आयकर तिर्ने | होटल मर्स्याङ्दी प्रा.लि |
| | | व्यापार व्यवसायमध्ये सवैभन्दा बढी आयकर तिर्ने | संगम ट्रेडिङ कन्सर्न |
| | | नुवाकोट जिल्लावाट सवैभन्दा बढी आयकर तिर्ने | त्रिशुली बचत तथा ऋण सहकारी संस्था लि. |
| | | रसुवा जिल्लावाट सवैभन्दा बढी आयकर तिर्ने | लहरेपौवा निर्माण सेवा |


अवैध मदिराको कारोवार तथा उपभोग कहिल्यै नगरौं।

समेत राख्नुभयो ।

भन्सार विभागका महानिर्देशक श्री शिशिरकुमार ढुंगानाले तराईमा भएको आन्दोलनले लक्ष्यभन्दा २२ अर्ब कम राजस्व संकलन भएको जानकारी दिनुभयो । कूल राजस्वको २७ प्रतिशत संकलन वीरगञ्जमा मात्र हुने बताउनुहुँदै वीरगञ्जबाट रिरुट भएर गएका गाडीलाई पनि सहज नभएको उहाँले बताउनुभयो । महानिर्देशक श्री ढुंगानाले भैरहवा, मेची, कृष्णनगर, नेपालगञ्ज, धनगढीलगायतका भन्सार कार्यालयहरुको वस्तुस्थितिको वारेमा जानकारी दिनुभएको थियो ।

नेपाल राष्ट्र वैंकका डेपुटी गभर्नर श्री महाप्रसाद अधिकारीले अर्थतन्त्रमा परेको असर बढ्दै जाँदा राज्यको System मा असर पर्दै जाने बताउनुभयो । अहिलेको समयमा कुनै पनि देश आत्म निर्भर बन्न नसक्ने बताउनुहुँदै कालो बजारी नियन्त्रण गर्न नगद कारोवारलाई निरुत्साहित गर्दै बैंकिङ कारोवारलाई अनिवार्य गर्न सके अनौपचारिक कारोवार घट्दै जाने उहाँको भनाइ थियो ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष श्री पशुपति मुरारकाले नेपालको सीमानामा भएको अवरोधले १ खर्व भन्दा बढीको सामान भारतमा रोकिएको जानकारी दिनुभयो । कर्मचारीलाई तलव, वैंकको व्याज तिर्न समेत समस्या भएको बताउनुहुँदै लाखौं मजदुर बेरोजगार भएको उहाँको भनाइ थियो । तराइका सीमानाबाट अवैध रुपमा पेट्रोलियम पदार्थको कारोवार मौलाएको बताउनुहुँदै उद्योग धन्दा उठ्नै नसक्ने गरी थला पर्न लागेको र संघीयताको नाममा व्यवसायीले व्यहोर्नु परेको क्षतिले व्यवसायीको तर्फबाट एक देश एक प्रदेशको माग गर्नुपर्ने स्थिति नआओस् भन्नुभयो ।

कार्यक्रममा नेपाल आर्थिक पत्रकार समाज (सेजन)का अध्यक्ष श्री गोकर्ण अवस्थीले कार्यपत्र पेश गर्नु भएको थियो । उहाँले अर्थतन्त्रमा ठूलो धक्का लागेको, भूकम्पको समयमा पनि असर नपरेको अर्थतन्त्रमा अहिले असर देखिन थालेको, पेट्रोलियम पदार्थको आयात नहुँदा पनि सवारी साधनहरु पर्याप्त मात्रामा गुड्नुमा पेट्रोलियम पदार्थको कालो बजारी भइरहेको विषय प्रष्ट हुने बताउनु भयो । भूकम्पबाट १४ जिल्लामा मात्र असर परे पनि अहिले मुलुकभरी असर परेको र नाकावन्दीले मलको आपूर्ति नहुँदा यस वर्ष कृषिमा उत्पादन घट्ने जानकारी दिनुहुँदै सोह्र सत्र लाख बालबालिकाहरु स्कुल जानबाट बञ्चित भएको तथा होटलहरु सेवा दिन नसक्ने अवस्थामा पुगेको कुरा कार्यपत्रमा प्रस्तुत गर्नु भएको थियो । कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्ष श्री पद्म ज्योतिले आफूहरु हजारौं बन्द हड्तालको सामना गरेर यो अवस्था आइपुगेको बताउनुहुँदै यस पटकको आन्दोलनले संकट भएको जानकारी दिनुभयो उहाँले संकटकालिन अवस्थाको पारदर्शी तवरले समाधान खोजिनुपर्ने भनाइ राख्नुभयो । सर्वसाधारणको संयम र धैर्यतालाई राज्यले बुझ्नुपर्ने बताउनुहुँदै राजनीतिक दलहरु एक ढिक्का भएर मधेशको माग बुझ्ने प्रयास गर्न आग्रह गर्नुभयो ।

व्यवसायी श्री ज्ञानेन्द्र प्रधानले उर्जा सुरक्षा हुनुपर्ने बताउनुहुँदै विद्युत उत्पादनको लागि सहज वातावरण सिर्जना गरियोस् भन्नुभयो । जनकपुर उद्योग वाणिज्य संघका अध्यक्षले हामी हिमाल, पहाड र तराइका जनता दाजु भाई भएको बताउनुहुँदै भूकम्पको समयमा करोडौंको राहत वितरण गरिएको जानकारी दिनुभयो । सरकारले तराइको आन्दोलनको सम्मान जनक तरिकाले सम्बोधन गर्नुपर्ने बताउनुहुँदै तराइमा जारी आन्दोलनबाट व्यवसायीका कर्मचारीलाई तलव भुक्तानी गर्न र बैंकको व्याज तथा घर भाडा तिर्न समेत समस्या भएको बताउनुभयो ।

| | | | |
|---|---|---|---|
| १५. | करदाता सेवा कार्यालय, कलंकी | सवैभन्दा बढी आयकर तिर्ने | रोन्स कम्पनी प्रा.लि. |
| | | सरसफाई व्यवसायमध्ये सवैभन्दा बढी आयकर तिर्ने | श्रेष्ठ सरसफाई सेवा |
| | | कार्गो व्यवसायमध्ये सवैभन्दा बढी आयकर तिर्ने | एक्सप्रेस लजिष्टिक ईन्टरनेशनल प्रा.लि. |
| | | धादिङ जिल्लावाट सवैभन्दा बढी आयकर तिर्ने | वोमी माईक्रो फाइनान्स वित्तीय संस्था लि. |
| १६. | करदाता सेवा कार्यालय, का( लीमाटी | सवैभन्दा बढी आयकर तिर्ने | हिमाल इन्टरनेशनल इनर्जी प्रा.लि. |
| | | सहकारी संस्थामध्ये सवैभन्दा बढी आयकर तिर्ने | तरकारी फलफुल वचत तथा ऋण सहकारी संस्था |
| | | सवैभन्दा बढी आयकर तिर्ने महिला | डा. गिता सायमी |
| १७. | आ.रा.का. ललितपुर | सवैभन्दा बढी आयकर तिर्ने | सगरमाथा फाइनान्स लि. |
| | | सवैभन्दा बढी मु.अ.कर तिर्ने | समिट होटल प्रा.लि. |
| | | सवैभन्दा बढी अग्रिम करकट्टी (TDS) वुझाउने | हेल्भेटास नेपाल |
| १८. | आ.रा.का. भक्तपुर | सवैभन्दा बढी आयकर तिर्ने | अरनिको विकास वैंक लि. |
| | | व्यापार व्यवसायमध्ये सवैभन्दा बढी आयकर तिर्ने | भण्डारी सर्जिकल हाउस |
| | | शैक्षिक संस्थामध्ये सवैभन्दा बढी आयकर तिर्ने | एभरेष्ट इङलिस स्कूल प्रा.लि. |
| | | काभ्रे जिल्लावाट उद्योग तर्फ सवैभन्दा बढी आयकर तिर्ने | शिखर प्लाईउड इण्डष्ट्रिज प्रा.लि., काभ्रे |
| | | रामेछाप जिल्लामा सवैभन्दा बढी आयकर तिर्ने | भूमिज स्टोर्स एण्ड सप्लायर्स, रामेछाप |
| | | दोलखा जिल्लामा सवैभन्दा बढी आयकर तिर्ने | मिलिजुली बचत तथा ऋण सहकारी संस्था लि., |
| | | सिन्धरपाल्चोक जिल्लावाट सवैभन्दा बढी आयकर तिर्ने | सिन्धु इन्टरप्राइजेज, |
| | | | |
| १ | कर सचेतना तथा कर सहभागितामा उल्लेखनीय योगदान गरेका संघ संस्थामध्ये | | रामेछाप उद्योग वाणिज्य संघ, सिन्धुपाल्चोक |
| २ | कर सचेतना तथा कर सहभागितामा उल्लेखनीय योगदान गरेका संघ संस्थामध्ये | | ललितपुर उध्योग वाणिज्य संघ, ललितपुर |
| ३ | कर सचेतना तथा कर सहभागितामा उल्लेखनीय योगदान गरेका संघ संस्थामध्ये | | विदुर कर परामर्श सेवा |

## पुरस्कृत हुने कर्मचारीहरु

| क.सं. | कर्मचारीको पद/नामथर | कार्यालयको नाम |
|---|---|---|
| १ | कर अधिकृत श्री लेखनाथ निरौला | ठूला करदाता कार्यालय |
| २ | कर अधिकृत श्री राजकुमार खतिवडा | आ.रा.का. काठमाडौं क्षेत्र नं. १ |
| ३ | कर अधिकृत श्री आशाकुमारी शाह | आ.रा.का. काठमाडौं क्षेत्र नं. २ |
| ४ | कर अधिकृत श्री राजेन्द्र चुडाल | आ.रा.का. काठमाडौं क्षेत्र नं. ३ |
| ५ | लेखापाल श्री गिताप्रसाद नेपाल | आ.रा.का. भक्तपुर |
| ६ | खरिदार श्री रामकाजी नगरकोटी | आ.रा.का. ललितपुर |
| ७ | कर अधिकृत श्री खगेन्द्र खड्का | क.से.का. कलंकी |
| ८ | कर अधिकृत श्री गणेशबहादुर डांगी | क.से.का. बालाजु |
| ९ | कर अधिकृत श्री बासुदेव पौडेल | क.से.का. महाराजगंज |
| १० | कर अधिकृत श्री ऋषिराम पोखेल | क.से.का. वानेश्वर |
| ११ | कर अधिकृत श्री पोष्टराज बास्तोला | क.से.का.कोटेश्वर |
| १२ | नायव सुव्वा श्री टिकाराम रेग्मी | क.से.का. नयां सडक |
| १३ | कर अधिकृत श्री राजु शर्मा अर्याल | क.से.का.त्रिपुरेश्वर |
| १४ | कर अधिकृत श्री पुन्यप्रसाद रिजाल | क.से.का. पुतली सडक |
| १५ | नायव सुव्वा श्री उत्तम राई | क.से.का. ठमेल |
| १६ | कर अधिकृत श्री श्रीराम खत्री | क.से.का. चावहिल |
| १७ | कर अधिकृत श्री हेरम्ब शर्मा पौडेल | क.से.का. कालिमाटी |
| १८ | कर अधिकृत श्री झविन्द्र पोखेल | क.से.का. टंगाल |
| १९ | कर अधिकृत श्री ज्ञानु पण्डित | क.से.का. बत्तीस पुतली |

# Role of Tax in National Building and Responsibility of Taxpayer

**Raman Aryal**
Class: 10, KMC School

The major, reliable and sustainable source of income for the government is tax. Tax is the compulsory charge imposed by the state or public authority in which no specific individual is given special services. Tax helps to accelerate the rate of economic growth and accomplish economic stability. It enhances the capital formulation and investment. Tax also promotes equitable distribution of income and property. Just as oxygen is required for our body, similarly. Tax is important for the government and nation's development.

Among the notable duties performed by the citizens, taxpaying is the most important. In which, a small financial charge is imposed by the government to gain funds for providing public services. From the economist point of view, tax paying is a personal obligation, yet it is a compulsory method of transferring private income into public expenditure without any direct return to the taxpayer. Money collected from tax is used by the government to carry out many function. Such functions include enforcement of law and order. Protection of property. Public works, economical and physical infrastructure construction and for the running of government itself. In the words, tax helps the government run smoothly. Tax revenue is also imposed for campaign programs for social inclusions , poverty eradication, creating employment opportunities and for regional balance. Revenue from tax is also used to fund public welfare and services. This services include education systems, healthcare, pension, public transportation, and for utilities such as energy, water and waste management. From tax, allowance for the senior citizens, disabled, widows etc are carried out as social security benefits.

There are mainly two types of taxes, direct and indirect tax. Direct tax refers to any levy imposed or collected from an individual or an organization. Example of direct tax include income tax, in which tax is collected from the person making actual income. Indirect tax are those taxes, in which the burden of an individual can be shifted to another so that the tax given to the government is wholly or partially paid by the personal who the tax has been shifted to. Indirect taxes are put on production and sales of devices that get a small or large part of the tax burden to the consumers. Examples of indirect taxes include value added tax (VAT), excise, duty, health service tax, custom duty, education service tax etc. Currently, the Inland Revenue Department (IRD) is responsible for the administration of income tax, excise duty, health service tax and education service tax.

Talking about the current situation of Nepal, Revenue collected from tax is even more important. Due to the massive earthquake, in the beginning of 2072 B.S. destruction and loss of public and private property is uncountable. With the promulgation of the latest constitution, Nepal is starting a new era in Democracy. Among all this, Nepal is getting ready for the implementation of federal states. All of these events have huge economic and administrative cost and burden on Nepal.

Due to the recent blockade of border parts by India, Nepal is able to become its own self reliant and self dependent country. However, If enough revenues is not able to be collected by our country, it will rely on foreign aid, This situation again compels Nepal to accept unnecessary demands, ultimatums and challenges put forth by foreign countries. Hence, Nepal goes on the track of irregular and unhealthy development. For the effective implementation of self dependent country, revenue must be collected. And the best source of revenue at the moment, is through tax.

In the fiscal year 2071-072, according to government data, 89% of the total revenue (Rs 423 billion) was collected from tax revenue. The Inland Revenue Department collected 38% (RS 160 billion) of the total revenue and 43% of the total tax revenue. In this, the percent of total revenue for Gross domestic product (GDP) in 19.9% and that of total tax revenue is 17.64%. This data clearly shows that the nation, un knowly, relies on tax to gain revenue. Even more so, our nation depends upon the taxpayers.

Who is a taxpayer ? Simply, a taxpayer is a person or an organization that must pay taxes to the government. First and foremost, as a taxpayer, They must have a tax identification number, i.e. Permanent Account Number. (PAN). Secondly a taxpayer should pay all tax on due time. They must inform about any charge which has occurred in their business, to the tax office. Staying updated and accurate on tax books and law is a responsibility of the taxpayer. And as an honest taxpayer, forgery of bill and tax evasion should not be done. If found to be doing so, criminal charges and substantial penalties for the taxpayers are put forth. If required by the tax law, they are obligated for an assessment.

A taxpayer must never sell, purchase or produce any illegal liquor or contraband. They must provide correct information regarding to their account and balance. If a taxpayer decides to close, his business, he must inform the tax office for business closure and deregistration. Taxpayers must provide correct amounts from their payment (TDS). As a taxpayer,

suggestion can be given to the tax administration for their betterment. And finally a taxpayer must abide to all tax rules, acts, directives and policies.

The tax system of Nepal is still not able to impose all of people's poverty under the tax net. Due to the infancy of the tax system in Nepal, many areas can be improved and made better for tax coverage for this, taxpayer education should be given to all in the work places, universities and schools. Social provisions and campaigns can be raised by civil societies to aware people about tax paying. The importance of tax can be emphasized to the public through various mediums of the media. With proper education on tax and tax paying, government can provide effective services to the public and evolve the nation's progress for development.

Nation building is multi dimensal. It is composed of economically, political, social, cultural ethical and many other sectors. Tax is needed and is very important for the enhancement of these sectors. Tax is the fundamental base and backbone of the government. So, at last, taxpayers with the cooperation of government and business personals should follow correct moral duties by paying taxes. For the effective and voluntary taxpaying it entirely depends upon faith, transparency, honesty and morality of the taxpayers and business personal.

Therefore Nepal is ready for the further successful operation of the tax system with the full cooperation of the government and taxpayers. With this, economic stability for current development and for future perspectives can be created. For all of the development, tax is an important source and it is the one possible way of building the nation without foreign help.

Thank you.

*This essay is awarded by first prize on the ocasion of Fourth National Tax day.*

# कार्य सम्पादन सम्झौता सम्पन्न

काठमाडौं। माननीय अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आन्तरिक राजस्व विभागको २०७२ मंसिर १४ गते सोमवार निरीक्षण भ्रमण गर्नु भएको छ। निरीक्षण भ्रमणको क्रममा मन्त्री पौडेलकै उपस्थितिमा अर्थमन्त्रालयको तर्फबाट अर्थसचिव श्री लोकदर्शन रेग्मी र आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्मावीच भएको कार्यसम्पादन सम्झौता भएको छ। निरीक्षण भ्रमणपछि विभागमा आयोजित कार्यक्रममा कर प्रशासनका कर्मचारीहरुलाई निर्देशन दिनुहुँदै अर्थमन्त्री पौडेलले अर्थ मन्त्रालयको सम्पूर्ण कर्मचारीको अभिभावक भएको नाताले राम्रा कामको लागि संरक्षण गर्न आफू तयार रहेको बताउनुभयो। राजस्व परिचालनको सन्दर्भमा आन्तरिक राजस्व चाहेको बताउनुहुँदै जनताको इच्छाहरुको पूर्तिका लागि कर प्रशासनको भूमिका प्रभावकारी र गतिशिल हुन जरुरी रहेको बताउनुभयो। अर्थमन्त्री पौडेलले आपूर्ति व्यवस्थालाई पूर्ववत अवस्थामा फर्काउन कुटनीतिक र राजनीतिक पहल भइरहेको समेत जानकारी दिनुभयो।

कार्यक्रममा राजस्व सचिव श्री राजन खनालले संविधानले राज्यको पुनःसंरचना गरेको र त्यसका लागि थप स्रोत साधनका लागि खर्च चाहिने बताउनुभयो। राज्य पुनःसंरचना पछि अहिलेको कर प्रणालीमा व्यापक परिवर्तन गर्न सकेनौं भने संविधानले प्रत्याभूत गरेका विषयहरुको खर्च गर्न सक्दैनौं भन्नुहुँदै राजस्वको संरचना फराकिलो हुन जरुरी रहेको बताउनुभयो।



सम्झौताको आदान प्रदान गर्नुहुंदै राजस्व सचिव श्री राजन खनाल र आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्मा

विभागको भूमिका महत्वपूर्ण रहेको बताउनुहुँदै असाधारण परिस्थिति रहेका कारण लक्ष्य पूरा गर्नु पर्ने चुनौती कर प्रशासनसँग रहेको बताउनुभयो। अर्थमन्त्री पौडेलले राज्यले विभागसँग अपेक्षा गरेको कुरा उल्लेख गर्नुहुँदै आफ्ना आचरण र अभ्यासलाई अद्यावधिक गर्दै जान तथा करदातामैत्री कर प्रशासन संचालनका लागि करदाताका गुनासालाई आदरपूर्वक सुनिदिन, उनीहरुका समस्याको समाधान गरिदिन निर्देशन दिनुभयो। आफ्नो जिम्मेवारीलाई गौरवपूर्ण ढंगले राष्ट्रको सेवामा समर्पित हुन निर्देशन दिनुभयो।

जनताले आर्थिक, सामाजिक परिवर्तनहरु आन्तरिक राजस्व विभागले तोकिएको राजस्व संकलन गर्नुपर्ने बताउनुहुँदै तराइको सिमानामा देखिएको असहज परिस्थितिले भन्सार विन्दूबाट वस्तु तथा सेवामा भएको अवरोधले आन्तरिक राजस्वमा प्रभाव पर्ने अवस्था भएकोले त्यसको वैकल्पिक कार्य योजना तयार गरी अगाडि बढ्न निर्देशन दिनुभयो। यस्तो असहज परिस्थितिमा जनतालाई दिने राहतका लागि स्रोत संकलनमा कर प्रशासनको महत्वपूर्ण भूमिका रहने बताउनुभयो।

कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले विभागको समग्र

बांकी २० पेजमा...

# कर फछ्र्यौट आयोगद्वारा माननीय अर्थमन्त्री समक्ष प्रतिवेदन पेश

काठमाडौं । कर फछ्र्यौट आयोग, २०७१ को कार्य सम्पादन प्रतिवेदन माननीय अर्थमन्त्री श्री विष्णुप्रसाद पौडेल समक्ष सो आयोगका अध्यक्ष श्री लुम्बध्वज महत, सदस्यद्वय श्री उमेशप्रसाद ढकाल र श्री चुडामणि शर्माले २०७२ मंसिर २२ गते अर्थ मन्त्रालयमा आयोजित एक कार्यक्रममा पेश गर्नु भएको छ ।

आयोगको प्रतिवेदन ग्रहण गर्नुहुंदै अर्थमन्त्री श्री पौडेलले मुलुकको हित चिताएर तोकिएको जिम्मेवारी सम्पन्न गरेकोमा धन्यवाद दिनुभयो । उहाँले कर फछ्र्यौट आयोग ऐन, २०३३ लाई समयानुकूल अद्यावधिक गर्ने वा कर सम्बन्धी विवाद निरोपणका लागि स्थायी संयन्त्र स्थापना गर्ने सम्बन्धमा आवश्यक कार्य शुरु गर्न र आयोगको प्रतिवेदनले औंल्याएका सुझावहरुको कार्यान्वयन गर्न आन्तरिक राजस्व विभागलाई निर्देशन दिनुभयो ।

सो अवसरमा राजस्व सचिव श्री राजन खनालले लामो समयसम्म कर बक्यौता रही रहनुमा अनुचित र बेमनासिव तरिकाले कर निर्धारण हुनु तथा करदाताको कर तिर्न सक्ने क्षमता गुम्नु, उद्योगहरु रुग्ण हुनु, करदाताले अटेर गरी बस्नु लगायतका कारण रहेको बताउनुभयो । उहांले पटक पटक यस्तो आयोग गठन गर्नुभन्दा कर सम्बन्धी विवाद समाधानको लागि स्थायी विवाद निरुपण संयन्त्र गठन गर्नु उपयुक्त हुने हुँदा नेपाल सरकारले आर्थिक वर्ष २०७२/०७३ को आर्थिक ऐनमा व्यवस्था गरे अनुरुप स्थायी प्रकृतिको कर विवाद समाधान संरचना गठन सम्बन्धमा आवश्यक कार्य सम्पादन गर्न अर्थ मन्त्रालयको राजस्व नीति तथा कार्यक्रममा राखिएको व्यहोरा उल्लेख गर्नुभयो ।

कार्यक्रममा अर्थसचिव श्री लोकदर्शन रेग्मी र राजस्व महाशाखा प्रमुख श्री लक्ष्मण अर्याल समेतको उपस्थिति रहेको थियो ।

नेपाल सरकारको मिति २०७१/१०/२२ गतेको निर्णयानुसार कर फछ्र्यौट आयोग ऐन, २०३३, बमोजिम शुरुमा २०७२ आषाढ मसान्तसम्म कार्यावधि रहने गरी कर फछ्र्यौट आयोग, २०७१ गठन गरिएकोमा पछि आयोगको म्याद २०७२, असोज मसान्तसम्मका लागि थप गरिएको थियो ।

बिगतमा नक्कली मूल्य अभिवृद्धि कर विजक कर परीक्षण तथा अनुसन्धानका लागि छनौट भई कर परीक्षण तथा अनुसन्धान गर्दा नक्कली मूल्य अभिवृद्धि कर विजक प्रयोग गरी कर छली गरेको पुष्टि भई कर निर्धारण भएको विषय बाहेक आयोगलाई २०७१ असार मासान्तसम्म निर्धारण भएको आ.व. २०६९/०७० सम्मको विभिन्न न्यायिक निकायमा विचाराधीन रहेको आयकर, मू.अ.कर, अन्त:शुल्क, भन्सार महसुल, शिक्षा सेवा शुल्क, स्वास्थ्य सेवा कर र पुरानो बिक्री कर, होटल कर, ठेक्का कर, मनोरञ्जन कर बक्यौता एवं आ.व. २०६९/०७० सम्मको अवधिको अन्य बक्यौता तथा एक राजस्व शिर्षकमा दाखिला हुनु पर्ने रकम भूलवस अर्को राजस्व शीर्षकमा दाखिला भएका कारण रहेको कर बक्यौता फछ्र्यौट गर्ने कार्यक्षेत्र तोकिएको थियो ।

राजस्व प्रशासनबाट भएका कर महसुल निर्धारणमा चित्त नबुझाई विभिन्न न्यायिक निकायहरुमा पुनरावलोकन/पुनरावेदनका लागि निवेदन दिने करदाताहरुको संख्या बढ्दै गएको, ती न्यायिक निकायहरुबाट विवादको निरुपण भई सोबाट सिर्जना हुने कर रकम संकलन हुन लामो समय लाग्न सक्ने भएकोले कर सम्बन्धी विवादलाई उपयुक्त ढंगले समाधान गर्न, विभिन्न परिस्थितिजन्य कारणले ठूलो कर निर्धारण भएका र असुलीका दृष्टिले असम्भवप्राय: देखिएका पुराना र समस्याग्रस्त तथा करदाता र कर प्रशासन दुबैलाई बोझको रुपमा रहेका कर बक्यौताहरु फछ्र्यौट गरी कर बक्यौता व्यवस्थापन गर्न, करदातामैत्री कर प्रशासन स्थापना गर्न र कर संकलन गर्नका लागि कर फछ्र्यौट आयोग ऐन, २०३३ बमोजिम नेपाल सरकारले समय समयमा अधिकार सम्पन्न कर फछ्र्यौट आयोग गठन गर्दै आएको छ । यसै सन्दर्भमा यस पूर्व २०३३ देखि प्राय: ६/७ वर्षको अन्तरालमा पटक पटक यस्ता आयोगहरु गठन गरिएकोमा पछिल्लो पटक २०५८ र २०६३ मा पनि यस्तो आयोगको गठन भएको थियो । यसरी लामो समयदेखि कायम रहेका कर सम्बन्धी विवादहरु र कर बक्यौता व्यवस्थापन गरी कर संकलन गर्न, कर प्रशासनलाई चुस्त र दुरुस्त तुल्याउन, करदातालाई लामो कानूनी प्रक्रियाबाट मुक्त गरी उनीहरुको व्यवसायिक लागत कम गर्नका लागि यस्ता कर फछ्र्यौट आयोगहरु औचित्यपूर्ण र सहयोगी मानिदै आएको छ ।

कर फछ्र्यौट आयोगले आफ्नो कार्य सम्पादनको क्रममा परिस्थितिजन्य अवस्थाका कारण ठूलो परिमाणमा कर निर्धारण भएका र कर असूलीका दृष्टिले चुनौतीपूर्ण एवं असम्भव प्राय: देखिएका पुराना एवं समस्याग्रस्त प्रकृतिका बक्यौता फछ्र्यौटका लागि प्राथमिकता दिई कार्य सम्पादन गरेको थियो ।

कर फछ्र्यौट आयोग, २०७१ मा कर बक्यौता फछ्र्यौटका लागि कूल १७२६ वटा निवेदन प्राप्त भएकोमा सम्बन्धित करदाता र आयोग बीचको आपसी कुराकानीबाट कर बक्यौता फरफारक सम्बन्धमा सहमति कायम भई सम्झौता सम्पन्न गरिएका कूल १०६९ थान निवेदनहरुबाट ९ अर्ब ५५ करोड बराबरको कर रकम दाखिला गर्ने गराउने सम्बन्धमा सहमति कायम भई सम्झौता

## निवेदन दर्ता र फछ्र्यौट एवं कर बक्यौता फछ्र्यौटका लागि सम्झौता भएको रकमको विवरण

रु. लाखमा

| बक्यौता विचाराधीन निकाय | निवेदन दर्ता संख्या | फछ्र्यौट संख्या | कर बक्यौता फर फारकका लागि सम्झौता भएको रकम |
|---|---|---|---|
| प्रशासकीय पुनरावलोकन | २४८ | १४७ | २३०९० |
| राजस्व न्यायाधिकरण | २३७ | १२८ | ५००३ |
| अदालत वा अन्य निकाय | १४४ | ६० | ५१८२५ |
| अन्य बक्यौता | १०३७ | ६९० | १५४२८ |
| राजस्व शीर्षक परिवर्तन | ६० | ४४ | ११२ |
| जम्मा | १७२६ | १,०६९ | ९५४५८ |


अवैध मदिराको कारोवार तथा उपभोग कहिल्यै नगरौं ।

भएको थियो । बक्यौता कर फछ्र्यौट गर्ने सन्दर्भमा करदातासंगको कुराकानी र उपलब्ध कागजात र अभिलेखलाई विश्लेषण गर्नुका साथै वस्तुगत आधारहरु तय गरी सामान्य अवस्थामा करदाताले भुक्तानी गर्नु पर्ने कर दायित्वलाई आंकलन गरिएको थियो ।

२०७२ वैशाख १२ गते गएको विनाशकारी भूकम्प र श्रृंखलावद्ध रुपमा गएका पराकम्पन एवं पछिल्लो समयमा देशमा देखिएको असहज र विषम परिस्थितिले गर्दा केही कार्यालयहरुबाट कर बक्यौता फछ्र्यौटका लागि आवश्यक कागजात र जानकारी समयमै उपलब्ध हुन नसकेको, करदाताहरुको आवगमन र बक्यौता कर तिर्नसक्ने क्षमतामा समेत अवरोध उत्पन्न भएको, आयोगको कार्य क्षेत्र भन्दा बाहिरका विषयहरु र अवधिका कर बक्यौता सम्बन्धमा समेत फछ्र्यौटका लागि निवेदनहरु प्राप्त भएका, केही करदाताहरुले समयमै आयोगमा सम्पर्क नगरेका एवं केही करदाताले आयोगसंगको कुराकानी र सहमति पश्चात् पनि फरफारक सम्बन्धमा सम्झौता नगरेको जस्ता विविध कारणहरुले गर्दा प्राप्त सबै निवेदनहरु फछ्र्यौट गर्न नसकिएको आयोगले जनाएको छ ।

आयोगलाई तोकिएको जिम्मेवारी सम्पादनका क्रममा करदताहरुबाट प्राप्त निवेदन, प्रमाण, कागजात तथा कम्प्यूटर अभिलेखको अध्ययन एवं विश्लेषण गर्दा तथा करदाताहरुसंगको छलफलको क्रममा प्राप्त हुन आएका तथ्यहरुको आधारमा हेर्दा नेपालको कर प्रशासनलाई चुस्त, दुरुस्त र गुणस्तरीय बनाउन आयोगद्वारा सरकार समक्ष प्रस्तुत गरिएका केही सुझावहरु देहाय बमोजिम छन्: ।

- न्यायिक प्रक्रियाका विभिन्न चरणहरुमा रहेका करदाताको अभिलेख, न्यायिक निकायहरुबाट भएको निर्णयको कार्यान्वयन, आन्तरिक राजस्व विभाग/कार्यालयहरुमा रहेको करदाताको अभिलेख अभियानकै रुपमा अद्यावधिक गरी अभिलेख व्यवस्थालाई चुस्त दुरुस्त बनाउनु पर्ने देखिन्छ ।
- विशेषत मूल्य अभिवृद्धि करमा कम्प्यूटर प्रणालीले ब्याज गणना गर्ने पद्दति अव्यवहारिक एवं अस्वभाविक देखिएकोले सोको पुनरावलोकन गर्नुपर्ने र आवश्यक भए सम्बन्धित कानूनमा आवश्यक सुधार गर्नुपर्ने देखिन्छ ।
- करदाताको कुनै गल्ती नै नहुंदा पनि गलत राजस्व शीर्षक वा गलत करदाताको नाममा दाखिला हुन गएको कर रकम वा कार्यालयबाट कर विवरणका तथ्यांकहरु गलत प्रवृष्टि भएका जस्ता कारणहरुले सिर्जित बक्यौता प्रशासनिक प्रक्रियाबाट नै जहिले सुकै फरफारक गरिदिने सम्बन्धमा आवश्यक व्यवस्था गर्नुपर्ने देखिन्छ ।
- कर प्रशासनमा कार्यरत कर अधिकृतहरुलाई आवश्यक तालिम दिई कर निर्धारण जस्तो संवेदनशील विषयमा बस्तुपरक किसिमले पर्याप्त आधार र प्रमाणहरु जुटाएर मात्र गुणस्तरीय एवं न्यायोचित रुपमा कर निर्धारण गर्नुपर्ने अवस्थाको वातावरण निर्माण गर्नुपर्ने देखिन्छ ।
- कर फछ्र्यौट आयोग, २०५८ तथा कर फछ्र्यौट आयोग, २०६३ र करदाताबीच भएका केही सम्झौताहरु समेत कार्यान्वयन नभएको सन्दर्भमा यस आयोग र करदाता बीच भएका सम्झौताहरुको पूर्ण कार्यान्वयन गर्ने वातावरण निर्माण गर्नुपर्ने देखिन्छ ।
- बक्यौता रहेका सबै करदाताले बक्यौता कर फछ्र्यौटका लागि आयोगमा निवेदन नदिएका, निवेदन दिने सबै करदाताको फछ्र्यौट पनि हुन नसकेको, केही बक्यौताको अभिलेख पनि अद्यावधिक नभएको र पुराना बक्यौताहरु समेत रहेको सन्दर्भमा यस्ता पुराना बक्यौताहरु असूल गर्न एक अध्ययन कार्यदल गठन गरी राय सल्लह लिई आर्थिक ऐनमा सुविधा सहितको व्यवस्था गर्नु उपयुक्त हुने देखिन्छ ।

# करदाता सम्मान तथा समापन

काठमाडौं । मंसिर ७ गते मकवानपुर उद्योग वाणिज्य संघको सभाहलमा क्षेत्रीय प्रशासक श्री महेशप्रसाद दहालज्युको प्रमुख आतिथ्य र आन्तरिक राजस्व विभागका सूचना प्रविधि विज्ञ श्री लक्ष्मीप्रसाद यादवको विशेष आतिथ्यतामा २०७१ र २०७२ को राष्ट्रिय कर दिवसको अवसरमा सम्मानित करदाताहरुलाई करदाता सम्मान पत्र वितरण र विशिष्ट महानुभावबाट मन्तव्य



कार्यक्रम सम्पन्न गरियो । सो कार्यक्रममा आ.व. २०६९/०७० र २०७०/०७१ को कारोबारको आधारमा सबैभन्दा बढी कर बुझाउने करदाताहरु र आर्थिक वर्ष २०७१/०७२ मा उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीलाई सम्मान गरियो । कार्यक्रमका प्रमुख अतिथी क्षेत्रीय प्रशासक श्री महेशप्रसाद दहालज्युबाट सम्मानित करदातालाई बधाई एवं शुभकामना दिदै आगामी दिनमा अरु व्यवसायीहरुलाई पनि सम्मानित हुन आफ्नो यथार्थ कारोबार देखाई अझ बढी राजस्व दाखिला गर्न र कर कार्यालयले आफ्नो कार्यमा अझ बढी लगनशिल भई सरकारले दिएको जिम्मेवारी पुरा गर्न सदैव तत्पर रहन अनुरोध गर्नुभयो । त्यसैगरी आन्तरिक राजस्व विभागका सूचना प्रविधि विज्ञ श्री लक्ष्मीप्रसाद यादवले कर दिवसको उद्देश्य एवं महत्वको बारेमा प्रकाश पार्नु भएको थियो । कार्यक्रममा अन्य अतिथि वक्ताले आन्तरिक राजस्व कार्यालयले कर सचेतनाका लागि खेलेको भूमिकाको प्रशंसा गर्नुका साथै कार्यालयले प्रदान गर्ने सेवा अझ प्रभावकारी पार्न सुझाव दिदै सम्मान प्राप्त गर्ने करदाता एंव कर्मचारीहरुलाई बधाई ज्ञापन गर्नु भयो ।

# करसम्बन्धी अन्तर्क्रिया कार्यक्रम सम्पन्न






काठमाडौं । चौथो राष्ट्रिय कर दिवस तथा कर सप्ताह २०७२ को अवसरमा मंसिर ३ गते करदाता सेवा कार्यालय नयाँ सडकको आयोजनामा उद्योगी व्यवसायीहरुसँग 'करदाता र कर प्रशासनको दायित्व' शिर्षकमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले चौथो राष्ट्रिय कर दिवसको अवसरमा आयोजित कार्यक्रममा सहभागी व्यवसायी र कर्मचारीहरुलाई बधाई दिनुहुँदै कार्यक्षेत्रमा सफलता प्राप्त गर्न शुभकामना पनि दिनुभयो । सुधार नियमित प्रकृया भएको बताउनुहुँदै कर प्रशासन र व्यवसायी सधैं सुधारको प्रकृयामा रहने बताउनुभयो । महानिर्देशक शर्माले व्यवसायीहरु व्यवसाय गर्न जान्ने, संसारका कुनै कुनामा भएका उत्पादन ल्याउन सक्ने, तर कर कानुनको वारेमा थाहा भएन भनेर उम्किन नपाउने बताउनुभयो । आआफ्नो व्यवसाय सञ्चालन गर्न मुलुकको विधि विधान राम्रोसँग अध्ययन गर्न पनि सुझाव दिनुभयो ।

करका दरहरु जहाँ बढी हुन्छ, त्यहाँ चुहावटको संभावना बढी हुने बताउनुहुँदै कर प्रशासन आफ्नो लक्ष्य पूरा गर्न अगाडि बढ्छ भन्नुहुँदै आफूले आफूलाई चिन्न र जागरुक बन्न आग्रह गर्नुभयो । व्यवसायीको सक्षमता अभिवृद्धि गर्न, गुनासाहरु सुन्न कर प्रशासन व्यवसायीको साथमा रहेको बताउनुहुँदै कार्यक्रममा १८ वटा व्यवसायी संघ संस्थाका प्रतिनिधिहरुको सहभागिता रहनु सुखद रहेको समेत बताउनुभयो । कर प्रशासनका कर्मचारीलाई अद्यावधिक हुन र व्यवसायीका समस्या समाधान गर्न आफूले निर्देशन दिएको समेत बताउनुभयो ।

सबै उपभोक्ता करदाता रहेको बताउनुहुँदै राज्य जव समृद्ध हुँदै जान्छ तबमात्र सुशासन पद्दति पनि सुदृढ हुदै जान्छ । जसको परिणामस्वरुप सामाजिक सुरक्षाका कार्यक्रमहरु बढ्दै जाने र हामीले अपेक्षा गरेको विषय पूरा हुने महानिर्देशक श्री शर्माको भनाई थियो ।

कार्यक्रममा आन्तरिक राजस्व कार्यालय क्षेत्र नं. २ का प्रमुख कर प्रशासक श्री अर्जुनप्रसाद पोखेलले व्यवसायीबाट प्राप्त भएका सुझावलाई कार्यान्वयन गर्दै जाने बताउनुभयो । कर कानुनको परिपालना गरे कर प्रशासन र व्यवसायीको दायित्व पूरा हुने बताउनुहुँदै व्यवसायीहरु अप्ठेरो परेपछि कार्यालय आउने गरेको बताउनुभयो । व्यवसायीलाई आर्थिक ऐनहरु पढ्न आग्रह गर्नुहुँदै, धेरै सूचनाहरु विभागको वेभसाइटमा पाइने बताउनुभयो । प्रमुख कर प्रशासक श्री पोखरेलले करदाता शिक्षाको माध्यमबाट कर सम्बन्धी जानकारी दिने कार्य भइरहेको बताउनुहुँदै व्यवसायीका आवाजहरु नीति निर्माण गर्ने ठाउँमा पुऱ्याउने समेत बताउनुभयो । आन्तरिक राजस्व विभागका निर्देशक श्री नरनाथ गिरीले व्यावसायीबाट उठेका जिज्ञासाहरुको समाधान गर्नु भएको थियो । देशमा असहज परिस्थितिका कारण सवै खालका विवरणहरु बुझाउने म्याद मंसिर मसान्तसम्मका लागि थप गरिएको बताउनुहुँदै कर तिर्नु आत्म सम्मान र गौरवको कुरा भएको बताउनु भयो ।

करदाता सेवा कार्यालय नयां सडकमा प्रमुख कर अधिकृत श्री मुक्तिराम आचार्यले कार्यपत्र पेश गर्नु भएको थियो । कार्यपत्रमा कर प्रशासनको विद्यमान अवस्था, राजस्व संकलनको स्थिति, आर्थिक ऐनले दिएका छुट सुविधा लगायत विषयमा चर्चा गर्नु भएको थियो ।

नेपाल चेम्बर अफ कमर्सका प्रतिनिधि श्री पर्शुराम दाहालले कार्यक्रमले करदाता र कर प्रशासनको सम्बन्ध सुमधुर हुने अपेक्षा गर्नुभयो । करमा दर्ता भएपछि अद्यावधिक भइरहन आग्रह गर्नुहुँदै, आफ्नो व्यवसाय सञ्चाल गर्नु अघि करका विषयमा जानकारी लिन अनुरोध गर्नुभयो । भन्सार मूल्यांकन समय सापेक्ष हुनुपर्ने बताउनुहुँदै भन्सार राजस्वमुखी हुन नहुने भनाई राख्नु भयो । कर तिर्ने प्रकृयामा समस्या रहेको बताउनुहुँदै एकीकृत हिसावले कर तिर्ने व्यवस्था भए व्यावसायीको लागत कम पर्ने उहाँको भनाइ थियो । उहाँले सम्पूर्ण व्यवसायीको प्रतिनिधित्व गर्दै समस्याहरु राख्नु भएको थियो । कार्यक्रममा आर बी कम्प्लेक्स, खिचापोखरी व्यापार संघ, मारवाडी सेवा समिति, सुरज आर्केड, पशुपति प्लाजा, पिपल्स प्लाजा, ताम्राकार कम्प्लेक्स, काठमाडौं मल, नेपाल व्यापार संघ, विशाल बजार व्यापार संघलगायतका १८ वटा संघसंस्थाका प्रतिनिधि र व्यवसायीहरुको उपस्थिति रहेको थियो ।

# शैक्षिक परामर्शदातासँग अन्तर्क्रिया सम्पन्न




काठमाडौं । चौथो राष्ट्रिय कर दिवस तथा कर सप्ताह २०७२ को उपलक्ष्यमा मंसिर ४ गते आन्तरिक राजस्व विभाग, करदाता सेवा कार्यालय, पुतली सडक र नेपाल शैक्षिक परामर्श संघको आयोजनामा करदाता शिक्षा तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले शैक्षिक परामर्श व्यावसायीहरुले कर सम्बन्धी उठाएका जिज्ञासाबाट नै व्यवसायीको सक्षमता थाहा भएको बताउनुभयो । उहाँले चौथो राष्ट्रिय कर दिवसको अवसरमा गरिएको कार्यक्रमको उद्देश्य करदातामा जागरण ल्याउनु रहेको बताउनुभयो ।

महानिर्देशक श्री शर्माले संसारमा मृत्यु र कर मात्रै सत्य भएको बताउनुभयो । उहाँले मृत्यु एक पटक आउँने, तर कर पटक पटक आउने बताउनुभयो । शैक्षिक परामर्श दाताहरुलाई आफ्ना खराबी चिन्न र खवरदारी गर्न आग्रह गर्नुहुँदै आफूले आफूलाई सुधार्न आग्रह गर्नुभयो । कुन समयमा कर तिर्ने, कहिले विवरण बुझाउने, कहिले नविकरण गर्ने भन्ने विषयमा विजनेशको हिसावले क्यालेण्डर बनाउन समेत आग्रह गर्नुभयो ।

महानिर्देशक श्री शर्माले व्यावसायिक प्रतिस्पर्धामा आघात पारी र कर छल्ने विषय राष्ट्रघात हुने हुंदा दर्ता नगरी कर छलेर त्यस्ता गतिविधि कहीं कतै भएको भए उजुरी गर्न आग्रह गर्नुभयो । त्यस्ता उजुरी उपर तत्काल कारवाही प्रकृया अगाडि बढाउने व्यहोरा उल्लेख गर्दै कुनै पनि बहानामा कर छल्ने, गलत विवरण पेश गर्ने कारवाहीको भागिदार हुने कुराका जोड दिनुभयो ।

पुस मसान्तसम्म सरकारले व्यावसायीका लागि विभिन्न सुविधा प्रदान गरेको जानकारी दिनु हुँदै त्यसको सदुपयोग गर्न आग्रह गर्नुभयो । व्यवसाय दर्ता गरिसकेपछि व्यवसाय स्थलमा प्रमाणहरु झुण्ड्याउने, व्यवसायका दस्तावेजहरुमा कर र दर्ता नम्बर उल्लेख गर्न निर्देशन दिनुहुँदै कारोवारको अभिलेख, खरीद बिक्री दुरुस्त राख्न पनि आग्रह गर्नुभयो । नियमित प्रकृयामा परिवर्तन भएको खण्डमा सम्बन्धित निकायमा जानकारी दिन आग्रह गर्नुहुँदै जहाँ जहाँ कानुनले जे भनेको छ त्यसलाई पालना गर्न आग्रह गर्नुभयो । तोकिएको लेखा परीक्षकबाट लेखा परीक्षणको काम गर्न आग्रह गर्नुहुँदै सम्वद्ध निकायमा सम्पर्क गरी आफ्ना सरोकारका विषय उठाउन पनि आग्रह गर्नुहुँदै महानिर्देशक शर्माले शैक्षिक परामर्श व्यवसायीका सुझावलाई मार्ग दर्शनको रुपमा लिने समेत बताउनुभयो । त्यसैगरी विभागका निर्देशक श्री नरनाथ गिरीले व्यसायीले प्राप्त गरेको रकम नै आय भएको बताउनुभयो । विदेशी विश्व विद्यालयको सम्पर्क कार्यालय नेपालमा राखेर कसैले आय आर्जन गर्छ भने उसलाई पनि नियम अनुसारको कर लाग्ने बताउनुभयो । उहाँले व्यवसायीले उठाएका जिज्ञासाहरुको समाधान समेत गर्नु भएको थियो ।

करदाता सेवा कार्यालय पुतली सडकका प्रमुख कर अधिकृत श्री दुर्गादत्त भण्डारीले कार्यपत्र पेश गर्नु भएको थियो । उहाँले आम्दानी गरेपछि कर तिर्नुपर्ने बताउनुहुँदै कर प्रशासनको गन्तव्य, करदातालाई स्वेच्छिक कर तिर्न अभिप्रेरित गर्ने, कसैले कर कानुनको पालना गर्दैन भने उ अनुसन्धानको दायरामा पर्ने बताउनुभयो । प्रस्तुत कार्यपत्र आयकर, मूल्य अभिवृद्धि कर, अन्तशुल्क, रोजगारीको आय र करको गणना, रोजगारीको आय हुने प्राकृतिक व्यक्तिमा लाग्ने करको दर, आर्थिक ऐन २०७२ ले प्रदान गरेका सुविधाहरु, शुल्क तथा व्याज मिन्हा सम्बन्धमा, पूर्व अनुमानित कर विवरण पेश गर्ने करदाताका लागि विशेष व्यवस्था, करदाताले पेश गर्नुपर्ने विवरण सम्बन्धी विषयमा केन्द्रीत थियो ।

प्रमुख कर अधिकृत श्री भण्डारीले शैक्षिक परामर्श दाताहरु मूल्य अभिवृद्धि करमा दर्ता गर्ने तर विवरण नबुझाउने प्रवृत्ति बढेको बताउनुहुँदै शिक्षा मन्त्रालयले कर चुक्ता प्रमाणपत्र मागेपछि थाहा भएन भनेर पन्छिन नपाउने जानकारी दिनुभयो । उहाँले युजर आइडी र पासवर्ड सुरक्षित राख्न आग्रह गर्नुहुँदै कसैले बढी विवरण हालिदिए जिम्मेवारी व्यवसायीकै हुने बताउनुभयो । व्यावसायीबाट उठेका प्रश्नहरुको उत्तर दिनुहुंदै भण्डारीले शैक्षिक परामर्श व्यवसायीलाई ५० लाखको थ्रेस होल्ड लागू नहुने बताउनुहुँदै १० लाख खरीद बिक्री कटेको खण्डमा अनिवार्य मूल्य अभिवृद्धि करमा दर्ता हुनुपर्ने बताउनुभयो ।

इक्यानका अध्यक्ष श्री राजेन्द्र बरालले शैक्षिक परामर्श व्यवसायीहरुको क्षेत्राधिकार स्यानपावर व्यवसायीको भन्दा पनि ठूलो रहेको बताउनुभयो । संघमा आवद्ध व्यवसायीलाई वफादारिताका साथ कार्य गर्न निर्देशन दिनुहुँदै आफ्ना लेखा राख्ने कर्मचारीहरुलाई शिक्षित बनाउन पनि आग्रह गर्नुभयो । लेखापालले गलत विवरण दियो हामीलाई थाहा छैन भनेर उम्किन नपाउने उहाँको भनाइ थियो । थैलीको मुख बलियो बनाउँ, अरुलाइ दोष नलगाउँ भन्नुहुँदै हामीले राज्यले लागू गरेका नीति नियमलाई जान्दैनौं भन्न नपाउने उहाँको भनाइ थियो । व्यावसायीले कारोवार छैन भन्ने तर ठूला पत्रपत्रिकाहरुमा ठूला ठूला विज्ञापन छाप्ने ? त्यसैलाई आधार बनाएर पनि राज्यले हाम्रो कारोवार खोज्न सक्छ भन्नुहुँदै भोलिका दिनमा हामीले लिएर दिएका विषयहरु पारदर्शी होस् भन्नुभयो । उहाँले करमा सम्मानित हुने वातावरण हामीले सिर्जना गर्नुपर्छ भन्नुहुँदै नेपालमा धेरै शैक्षिक परामर्श दिने संस्थाहरु दर्ता नभई कारोवार भइरहेकोले उनीहरुलाई दर्ताको प्रकृयामा ल्याउनु पर्ने विषयमा जोड दिनु भयो ।

इक्यानका प्रथम उपाध्यक्ष श्री प्रकाश पाण्डेले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । उहाँले शैक्षिक परामर्श व्यवसाय २०५४ सालदेखि संचालन भएको जानकारी दिनुहुँदै यो व्यवसायीले विदेश पढ्न जाने विद्यार्थीहरुलाई र विदेशी विद्यार्थीहरुलाई नेपाल भित्र्याउने कार्य गरिरहेको बताउनुभयो । ४ सयको हाराहारीमा दर्ता भएर व्यवसाय गरिरहेको र ८ सयको हाराहारीमा दर्ता प्रकृयामा रहेको जानकारी दिनुहुँदै झण्डै ६० वटा देशमा नेपाली विद्यार्थीहरुको आकर्षण रहेको समेत बताउनुभयो ।

# चौथो राष्ट्रिय कर दिवस तथा कर सप्ताह २०७२

## आन्तरिक राजस्व कार्यालय, क्षेत्र नं. १

चौथो राष्ट्रिय कर दिवस तथा कर सप्ताह, २०७२ को अवसरमा आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं. १ ले विविध कार्यक्रम गरेको छ । मंसिर १ गते आन्तरिक राजस्व विभागको आयोजनामा भएको शान्ति पदयात्रामा व्यानर र प्लेकार्ड सहित कर दिवसमा सबै कर्मचारीहरुको सहभागिता रहेको थियो । कर सप्ताहको अन्तिम दिन



अर्थात् मंसिर ७ गते कार्यालयको कार्यक्षेत्र अन्तर्गतका करदाताहरुलाई 'कर प्रशासनमा सूचना प्रविधिको प्रयोग विषयमा करदाता शिक्षा तथा अन्तरक्रिया' कार्यक्रम गरिएको थियो । कार्यक्रममा कार्यालयका सूचना प्रविधि अधिकृत श्री रमेश सुवेदीले कार्यपत्र प्रस्तुत गर्दै सहभागीहरुलाई ट्याक्सपेयर पोर्टल तथा कम्प्युटर विलिङ्गका वारेमा जानकारी दिनुभएको थियो । सहभागीहरुले कार्यक्रम उपयोगी भएको र समय समयमा करदाता शिक्षाका कार्यक्रम भैरहनुपर्ने विचार व्यक्त गरेका थिए ।

## आन्तरिक राजस्व कार्यालय, भद्रपुर, झापा

चौथो राष्ट्रिय कर दिवस तथा कर सप्ताह २०७२ को उपलक्ष्यमा मंसिर १ गते झापा जिल्लास्थित कनकाई नगरपालिकाको सुरुङा वजारको मुख्य चोकबाट भित्रि वजारमा नौमति वाजा तथा प्ले कार्डसहित शुरु भएको प्रभातफेरी कार्यक्रममा झापा जिल्लाका सरकारी कार्यालयका पदाधिकारीहरु लगायत विभिन्न क्षेत्रका करदाताहरु, उद्योग



वाणिज्य संघका प्रतिनीधिहरु, वस्तुगत संघ संस्थाका प्रतिनीधिहरु, सामाजिक संघ संस्थाका प्रतिनीधिहरु गरी ५४ वटा संघ संथाहरुका करिव १५०० जना प्रतिनीधिहरु आ-आफ्ना व्यानर सहित सहभागी भएका थिए । उक्त प्रभातफेरी कार्यक्रममा कर व्यवस्थापन सम्वन्धी पर्चाहरु समेत बाडिएको थियो । प्रमुख कर अधिकृत श्री निर्मल ढकालको सभापतित्वमा भएको उक्त कार्यक्रममा प्रमुख अतिथि झापा जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री तेजप्रसाद पौडेलबाट चौथो राष्ट्रिय कर दिवसको प्रतिकको रुपमा चारवटा फूल भएका गमलामा पानी सिंचन गरी समुद्घाटन गर्नु भएको थियो । मंसिर २ गते स्थानीय वजारहरुमा कर व्यवस्थापन सम्वन्धमा प्रचार, प्रसार गरियो । मंसिर ३ र ४ गते झापा जिल्लाको खुदुनावारी र शिवगञ्जमा वजार र आसापासमा पहिलो चरणमा कर सम्वन्धी पर्चा वितरण गरियो । दोस्रो चर करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिया भने तेस्रो चरणमा कर शिविर (Tax Camp) राखि प्यान वितरण, आयविवरण बुझ्ने, अन्तःशुल्क दर्ता तथा नविकरण कार्यक्रम आयोजना गरियो । मंसिर ७ गते कर सप्ताहको समापन तथा करदाता सम्मान कार्यक्रम झापा जिल्लाका जिल्ला न्यायाधीस श्रीमान रमेशकुमार खत्रीको प्रमुख आतिथ्यता तथा आन्तरिक राजस्व कार्यालय, भद्रपुरका प्रमुख कर अधिकृत श्री निर्मल ढकालको सभापतित्वमा आन्तरिक राजस्व कार्यालयको परिसरमा सम्पन्न भएको थियो । उक्त कार्यक्रममा तेस्रो राष्ट्रिय कर दिवसमा घोषणा भएका उत्कृष्ट कर्मचारीलाई प्रसंशा-पत्र तथा उत्कृष्ट करदातालाई सम्मान-पत्र वितरण गरियो ।

## आन्तरिक राजस्व कार्यालय, विराटनगर

चौथो राष्ट्रिय कर दिवस तथा कर सप्ताह २०७२ को अवसरमा मंसिर १ देखि ७ गतेसम्म विविध कार्यक्रमको आयोजना गरी सम्पन्न गरियो । मंसिर १ गते प्रमुख अतिथि मोरङ्गका प्रमुख जिल्ला अधिकारी गणेशराज कार्कीले पानसमा बत्ति बालेर कार्यक्रमको उद्घाटन गर्नुभयो । कार्यालयका प्रमुख कर अधिकृत रमेशराज गौतमले कर दिवसको महत्व तथा कर



सप्ताहमा आयोजना गरिने कार्यक्रमको बारेमा प्रकाश पार्नु भएको थियो । कार्यक्रमका विशेष अतिथि मोरङ्ग व्यापार संघका अध्यक्ष तथा माननीय पवन कुमार सारडा, उद्योग संगठन मोरङ्गका अध्यक्ष शिवशंकर अग्रवाल तथा उद्योग वाणिज्य महासंघका उपाध्यक्ष किशोरकुमार प्रधानाङ्गले कर सप्ताहको सफलताको कामना गर्नुका साथै देशको आर्थिक अवस्था तथा करका सम्बन्धमा चर्चा गर्नु भएको थियो ।

मंसिर २ गते लेटाङ्ग भोगटेनी नगरपालिका तथा मंसिर ३ गते उर्लावारी नगरपालिकामा कर शिविर तथा नगरपालिकामा नयां दर्ता भएका बचत तथा ऋण सहकारी संस्था तथा निजी विद्यालयसंग अन्तरक्रिया र व्यापारीहरुसँग अन्तरक्रिया गरी छुट्टा छुट्टै अन्तरक्रिया तथा घुम्ति शिविर कार्यक्रम सम्पन्न गरियो । उक्त कार्यक्रममा आयकर

विवरण बुझ्ने, अन्तशुल्क नविकरण गर्ने लगायतका काम सम्पन्न गरियो । कार्यक्रममा प्रमुख कर अधिकृत रमेश राज गौतमले आर्थिक ऐन २०७२ ले गरेको व्यवस्थाहरुको बारेमा सहकारी क्षेत्र, शिक्षा क्षेत्र तथा अन्य व्यापारिक क्षेत्रका व्यक्तिवीच प्रकाश पार्नु भयो ।

कर सप्ताहको चौथो दिन मंसिर ४ र ५ गते बृद्धबृद्धालाई फलफुल तथा कम्बल बितरण, कार्यालयका कर्मचारी बीच हाजिरी जवाफ प्रतियोगिता, कार्यालय तथा लेखा परीक्षक र कर सहयोगी बीच मैत्रिपूर्ण फुटबल खेल लगायतका कार्यक्रमहरु सम्पन्न गरियो । कर सप्ताहको छैठौ दिन कार्यालय परिसरमा रक्तदान कार्यक्रमका साथ विराटनगर क्षेत्रका डाक्टरहरुसंग स्वास्थ्य सेवा कर, आयकर तथा आर्थिक ऐन २०७२ ले गरेको व्यबस्थाहरुको बारेमा अन्तरक्रिया कार्यक्रममा आयोजना गरियो ।

कर सप्ताहको अन्तिम दिन अर्थात मंसिर ७ गते आयोजित कलेज स्तरिय प्रतियोगितात्मक कविता गोष्ठी सहित समापन कार्यक्रम आयोजना गरियो। समापन कार्यक्रममा आ.व. २०७०।०७१ को कारोवारको आधारमा सबैभन्दा बढी कर सहभागिता जनाउने करदाताहरु तथा उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीहरुलाई सम्मान गरियो ।

## आन्तरिक राजस्व कार्यालय पोखरा

चौथो राष्ट्रिय कर दिवस तथा कर सप्ताह २०७२ विभिन्न कार्यक्रमहरु आयोजना गरी सम्पन्न गरेको छ । मंसिर १ गते उद्योग वाणिज्य संघ लगायत निजी, गैरसरकारी क्षेत्र, बस्तुगत संघ संगठनका पदाधिकारीहरु तथा करदाताहरु र सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधिहरुद्वारा नगर परिक्रमा गरी प्रभातफेरी कार्यक्रम आयोजना गरिएको थियो । कर सप्ताह अन्तर्गत निजी क्षेत्रद्वारा संचालित उच्च माध्यमिक विद्यालयहरुको छाता संगठन उच्च माध्यमिक विद्यालय संघ (Higher Secondary School Association, Nepal (HISSAN) अन्तरगतका उच्च




मा.विका संचालक, प्रिन्सिपल तथा लेखाप्रमुख र गैर सरकारी संस्था महासंघ कास्की अन्तर्गतका गैरसरकारी संस्थाहरुका अध्यक्ष तथा लेखाप्रमुखहरुको सहभागितामा छुट्टाछुट्टै करदाता शिक्षा तथा अन्तक्रिया कार्यक्रम संचालन गरिएको थियो । कर सप्ताहकै अवसरमा स्थानीय संचार माध्यमहरु मार्फत निरन्तर रुपमा म्याद थप तथा आर्थिक ऐन २०७२ ले प्रदान गरेको सुविधा सहुलियत लगायत कर सम्बन्धि सचेतनामूलक/जानकारी मूलक सूचना, अन्तवार्ता तथा लेख प्रकाशन प्रसारण गरिएको थियो । मंसिर ७ गते क्षेत्रीय प्रशासक केदारबहादुर अधिकारीको प्रमुख आतिथ्यमा कर सप्ताह समापन समारोहको आयोजना गरी कार्यालय अन्तर्गतका उत्कृष्ट करदाताहरु होटल पोखरा ग्राण्ड प्रा.लि, पोखरा रोयल सहकारी संस्था.लि., चरक मेमोरिययल हस्पिटल प्रा.लि. तथा तनहु जिल्लाबाट बाराही आवासिय मा.वि, स्याञ्जाबाट न्यू सिद्धार्थ आयल स्टोर्स, पर्वतबाट सूर्योदय कन्सट्रक्सन कम्पनी, लमजुङबाट मेघा सप्लायर्स, बाग्लुङका सिवासी बचत तथा ऋण सहकारी संस्था लि., मुस्ताङबाट निलगिरी डिष्टिलरी, म्याग्दीबाट मुक्तिनाथ इन्टरप्राइजेज प्रा.लि. तथा गोरखाबाट सत्यसाइ हार्डवेयर एण्ड सप्लायर्सलाई र कार्यालयका उत्कृट कर्मचारी ना.सु रामकृष्ण अधिकारीलाई पुरस्कृत गरिएको थियो । समापन कार्यक्रममा सम्मानित करदाताहरुले आगामी दिनमा अझ बढि कर तिर्न अभिप्रेरणा मिलेको मन्तव्य व्यक्त गरेका थिए प्रमुख अतिथि अधिकारीले सम्मानित करदाताहरुलाई बधाई दिदैं करको दायरा बढाउने सरकारको नीतिलाई थप प्रभावकारी बनाइ कर प्रशासनलाई अझ करदातामैत्री र सुदृढ बनाउनुपर्नेमा जोड दिनुभएको थियो । साथै सम्मानित करदाताहरुलाई पहिचानपत्र बनाइ निश्चित अवधिका लागि कार्यसम्पादनमा विशेष सुविधा प्रदान गर्न सुझाव समेत दिनु भएको थियो। कार्यक्रममा निमित्त प्रमुख कर अधिकृत सूर्य सुर्खालीले चौथो राष्ट्रिय कर दिवस तथा कर सप्ताह २०७२ लाई सफल पार्नुहुने सम्पूर्णलाइ धन्यबाद ज्ञापन गर्नु भएको थियो ।

## आन्तरिक राजस्व कार्यालय, हेटौंडा

चौथो राष्ट्रिय कर दिवस तथा कर सप्ताह २०७२ को उपलक्ष्यमा मंसिर १ गते मध्यामाञ्चल क्षेत्रीय प्रशासन कार्यालय हेटौडाका क्षेत्रीय प्रशासक श्री महेशप्रसाद दहाल, क्षेत्रीय प्रहरी कार्यालयका नायब प्रहरी महानिरीक्षक, मकवानपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी, प्रहरी उपरीक्षक लगायत सुरक्षाकर्मी, उद्योग वाणिज्य संघ, उद्योग संघ र जिल्ला सहकारी संघका अध्यक्ष तथा पदाधिकारीहरु, सरकारी कार्यालयका प्रमुख एवं कर्मचारीहरु, निजी क्षेत्रका उद्योगी, व्यापारी, नागरिक समाज, सहकारी तथा सरोकारवाला र पत्रकार लगायतको उपस्थितिमा प्रभात फेरी सम्पन्न भयो । प्रभातफेरी पश्चात आयोजित कार्यक्रमका वत्ताहरुले कर तिर्नका लागी सबै करदातालाई उत्प्रेरणा



जगाउन आन्तरिक राजस्व कार्यालयले महत्वपूर्ण भूमिका खेलोस भन्ने शुभकामना दिनु भएको थियो ।

त्यसैगरी मंसिर २ र ४ गते मकवानपुर उद्योग वाणिज्य संघको समन्वय र हेटौडा उपमहानगरपालिका समेतको सहभागितामा कर शिविर सञ्चालन गरी करदाताहरुलाई प्यान वितरण, आय विवरण र राजस्व संकलन लगायतका कार्यक्रम सम्पन्न गरियो । त्यसैगरी मंसिर ३ गते हेटौडा उप महानगरपालिका वडा नं. १४ पदमपोखरीमा आन्तरिक राजस्व कार्यालय र अडिटर्स एसोसिएसन मकवानपुरको संयुक्त आयोजनामा उद्योग व्यवसायी र सरोकारवालाहरुको भेला

गराई करदातालाई आयकर, मूल्य अभिबृद्धि कर, अन्तःशुल्क, शिक्षा सेवा शुल्क र स्वास्थ्य सेवा कर साथै आर्थिक ऐन, २०७२ ले दिएका सुविधाहरु र विवरण दाखिला गर्ने म्याद थप बारे जानकारीमूलक शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो । त्यसैगरी मंसिर ४ गते रेडियो निकाशमा आयोजित कार्यक्रममा प्रत्यक्ष टेलिफोनबाट श्रोताहरुको जिज्ञासा समाधान गरी सोको प्रत्यक्ष प्रशारणा सहित बृहत अन्तक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो ।

मंसिर ५ गते कार्यालयमा आयोजित कार्यक्रममा जिल्ला बचत तथा ऋण सहकारी संस्थाको संयुक्त आयोजनामा सहकारी संघ संस्थाहरुसंग आबद्ध व्यक्तिहरुलाई आन्तरिक राजस्व कार्यालयले गर्ने कर प्रशासन सम्बन्धी विषयमा कार्यपत्र प्रस्तुत गर्नुका साथै सहकारी संस्थाहरुको कर्तब्य र दायित्व साथै बुझाउनुपर्ने करका बारेमा जानकारी गराउदै सहकारी व्यवसायीहरुबाट उठान भएका जिज्ञासहरु समेतलाई सम्बोधन गर्दै अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो ।

मंसिर ६ गते हेटौडा उपमहानगरपालिका ४ स्थित हेटौडा स्कुल अफ म्यानेजमेन्ट एण्ड सोसियल साइन्सेस एजुकेशन प्रा.लि.मा र मंसिर ७ गते हेटौडा उप महानगरपालिका २ स्थित मकवानपुर बहुमुखी क्याम्पसमा व्यवस्थापन संकायका स्नातक तहका विद्यार्थीहरुलाई आयकर, मूल्य अभिबृद्धि कर, अन्तशुल्क, शिक्षा सेवा शुल्क तथा स्वास्थ्य सेवा करको सम्बन्धमा जानकारी दिनुका साथै विद्यार्थीहरुबाट उठान भएका जिज्ञासा समेतलाई सम्बोधन गरी अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो ।

## आन्तरिक राजस्व कार्यालय, दाङ

चौथो राष्ट्रिय कर दिवस तथा कर सप्ताह २०७२ को उपलक्ष्यमा मंसिर १ गते दाङ जिल्लाको तुलसीपुर र दाङ जिल्लाको सदरमुकाम घोराही वजारमा कार्यलयका कर्मचारी, विभिन्न सरकारी कार्यालय तथा संघ, संस्थाका कर्मचारी, उद्योग व्यवसायी, सञ्चारकर्मी तथा सरोकारवालाहरुको उपस्थितिमा प्रभातफेरी कार्यक्रम सम्पन्न गरियो । सो कार्यक्रममा कर सम्बन्धी विभिन्न प्लेकार्ड, व्यानर तथा पम्प्लेट मार्फत कर सम्बन्धी चेतनामूलक सूचनाहरु जानकारी गराइएको थियो । मंसिर २ गते जिल्लाका प्रमुख व्यापारिक वजारहरु तुलसीपुर, घोराही




लगायतका क्षेत्रमा कर जागरण वढाउने तथा सो सम्बन्धी विभिन्न सन्देश मूलक जानकारीहरु माइकिङ गरी प्रचार प्रसार गरिएको थियो । मंसिर ३ गते दाङ जिल्लाको तुलसीपुरमा विभिन्न निजी स्तरबाट संचालित शैक्षिक संस्थाका प्राचार्य, लेखापाल र व्यवस्थापन समितिका अध्यक्ष गरि कूल ७० जनालाई शिक्षा सेवा शुल्क सम्वन्धी तालिम दिई अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो । मंसिर ४ गते सल्यान जिल्ला उद्योग वायिज्य संघको सह आयोजनामा सल्यान जिल्लाको श्रीनगरमा आयकर, मु.अ.कर, स्वास्थ्य सेवा कर, शिक्षा सेवा शुल्क, वहालकर तथा आर्थिक ऐन २०७२ ले दिएका छुट सुविधाको वारेमा करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ । मंसिर ७ गते कार्यालयको आयोजना र Auditor's Association Nepal दाङ शाखाको सह आयोजनामा कार्यालयको प्राङ्गणमा कर, राजस्व तथा लेखा सम्बन्धी विषयमा स्नातक तह व्यवस्थापन विषयमा अध्ययनरत विद्यार्थीहरुका विच दाङ जिल्ला स्तरीय हाजिरी जवाफ कार्यक्रम सम्पन्न भयो । मंसिर ७ गते आयोजित समापन कार्यक्रममा उत्कृष्ट करदाताहरु, कर्मचारीहरु, कर सप्ताहमा आयोजित हाजिरी जवाफ प्रतियोगितामा विजयी हुने विद्यार्थीहरु र कार्यालयको विविध पक्षमा रचनात्मक सहयोग गर्ने राप्ती अंचलका विभिन्न उद्योग वाणिज्य संघहरुलाई सम्मान गरी सम्मान पत्र, प्रशंसा पत्र, प्रमाण पत्र तथा पुरस्कार वितरण गरिएको थियो ।

## करदाता सेवा कार्यालय पुतली सडक

चौथो राष्ट्रिय कर दिवस तथा कर सप्ताह २०७२ को उपलक्ष्यमा करदाता सेवा कार्यालय पुतली सडकले विविध कार्यक्रमको आयोजना गर्‍यो । मंसिर १ गते आन्तरिक राजस्व विभागले आयोजना गरेको



केन्द्रीय स्तरको कार्यक्रममा सहभागिता जनायो । मंसिर २ गते पहिलो पटक सेवा लिन आउने करदाता नारी चेतना समाज नेपाललाई फुलमाला लगाई सम्मान गरियो । मंसिर ३ गते कार्यालयबाट आफ्नो कार्यक्षेत्र अन्तर्गत कर्मचारी खटाई पर्चा ब्रोसर वितरण गरी जनचेतना जगाउने कार्यमा सहभागी भयो । त्यसैगरीगरी मंसिर ४ गते आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माको प्रमुख आतिथ्यमा नेपाल शैक्षिक परामर्श संघसँग अन्तर्क्रिया सम्पन्न भयो । मंसिर ६ गते भृकुटी मण्डपका साना व्यवसायीलाई डे १ सम्बन्धी विवरणको वारेमा, मिसम्याचको सम्बन्धमा करदातालाई जानकारी गराइएको थियो ।

## करदाता सेवा कार्यालय, नयाँ सडक

चौथो राष्ट्रिय कर दिवस तथा कर सप्ताह २०७२ को उपलक्ष्यमा



मंसिर २ गते राष्ट्रिय व्यापार संघ फसिकेबमा आन्तरिक राजस्व विभागका

महानिर्देशक श्री चुडामणि शर्माको प्रमुख आतिथ्यमा रक्तदान कार्यक्रम सम्पन्न भयो। त्यसैगरी मंसिर ३ गते कर प्रशासन र करदाताको दायित्व विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। प्रमुख कर अधिकृत श्री मुक्तिराम आचार्यको अध्यक्षतामा आयोजित सो कार्यक्रमका प्रमुख अतिथि आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चूडामणि शर्मा हुनुहुन्थ्यो। त्यसैगरी मंसिर ४ र ५ गते कर चेतना सम्बन्धी प्रचार प्रसार गर्नुका साथै मंसिर ६ गते कर शिविर संचालन गरी पम्पलेट वितरण, प्यान वितरण, माईकिङद्वारा कर सम्बन्धी विभिन्न जानकारी प्रदान गरिएको थियो।

## करदाता सेवा कार्यालय, नयाँ बानेश्वर

करदाता सेवा कार्यालय, नयाँ बानेश्वरको कार्यक्षेत्र काठमाण्डौ महानगरपालिका वडा नं. १० को कार्यालय नयां बानेश्वरमा मंसिर ४ गते वडाका राजनीतिक दलका प्रतिनिधि र कर्मचारीहरु तथा करदाताहरुको सहभागितामा करदाता शिक्षा तथा अन्तक्रिया कार्यक्रम सम्पन्न भएको थियो। कार्यक्रममा करका समसामयिक विषयमा जानकारी गराउनुका साथै विभिन्न विषयका जानकारी मूलक ब्रोसर समेत वितरण




गरिएको थियो। कार्यक्रममा १० नं. वडा कार्यालयका कार्यकारी प्रमुख सरिता राईले करदाता सेवा कार्यालय र वडा कार्यालय बीच समन्वय र सहकार्यमा जोड दिनुभएको थियो। प्रमुख कर अधिकृत हरि प्रसाद तिमिल्सिनाले सहभागीले उठाएका जिज्ञासाहरुको जवाफ दिदै सहभागीहरु र कार्यकारी प्रमुखलाई धन्यवाद दिनुभएको थियो। त्यसैगरी मंसिर ६ गते काठमाडौं महानगरपालिका वडा नं. ३४ को कार्यालय भिमसेनगोलामा वडाका राजनीतिक दलका प्रतिनीधि र कर्मचारीहरु तथा करदाताहरुको सहभागितामा करदाता शिक्षा तथा अर्न्तक्रिया कार्यक्रम सम्पन्न भएको थियो। कार्यक्रममा करका समसामयिक विषय र आर्थिक ऐन २०७२ ले दिएका छुटका वारेमा जानकारी गराउनुका साथै कर सम्वन्धी विभिन्न जानकारीमूलक ब्रोसरहरु समेत वितरण गरिएको थियो। ३४ नं. वडा कार्यालयका कार्यकारी कार्यकारी प्रमुख देवेन्द्र पोखरेलले घर बहालकर दुई निकायले उठाउँदा दोहोरो मार परेको भन्ने करदाताहरुको गुनासो आएकाले एकै निकायमा राख्दा राम्रो हुने र करदाता सेवा कार्यालय र वडा कार्यालय बीच सहकार्यमा जोड दिनु भएको थियो।

## करदाता सेवा कार्यालय, महाराजगञ्ज

चौथो राष्ट्रिय कर दिवस तथा कर सप्ताह २०७२ को पावन अवसरमा कार्यालयले विगतका वर्षहरुमा झैं यो वर्ष पनि विविध कार्यक्रमहरू संचालन गरी मनाइयो। कर सप्ताहको पहिलो दिन मंसिर १ गते आन्तरिक राजस्व विभागको संयोजनमा भएको कार्यक्रममा सहभागी भई विभागको प्रांगणमा उपस्थित भई प्लेकार्ड र व्यानर सहित प्रभातफेरीमा कार्यालयका सर्म्पूण कर्मचारीहरुको सहभागिता रहेको थियो। कर सप्ताह अन्तर्गत मंसिर २ गते यस कार्यालयको परिसर सरसफाई गरी कार्यालयमा उपस्थित सम्पूर्ण सेवाग्राहीहरुलाई कर दिवसका सन्दर्भमा आवश्यक जानकारी उपलब्ध गराइयो। कर सप्ताह अर्न्तगत नै मंसिर ३ गते आफ्नो कार्यक्षेत्र अन्तर्गत बुढानिलकण्ठ नगरपालिका र टोखा नगरपालिकाका विभिन्न वडाहरुमा गई करदाताहरुलाई करको बारेमा सचेतना अभिवृद्धि कार्यक्रम संचालन भयो। साथै यस अवसरमा दर्ता नभई कारोबार गरिरहेका व्यावसायीहरुलाई अनिवार्य रुपमा कर कार्यालयमामा दर्ता गरी व्यवसाय गर्नका लागि जानकारी गराइयो। मंसिर ६ गते कार्यालयको कार्यक्षेत्र भित्रका विभिन्न




वस्तुगत संघ अन्तर्गतका करदाताहरुलाई यस कार्यालयमा आमन्त्रण गरी करदातालाई कर सम्बन्धी विविध विषयमा करदाताका जिज्ञासाको समाधानको लागि अन्तरक्रिया कार्यक्रमको आयोजना गरियो। उक्त अन्तरक्रिया कार्यक्रममा उठेका जिज्ञासा तथा प्रश्नहरुको सम्बन्धमा सम्बन्धित शाखाका कर अधिकृतहरुले जिज्ञासा तथा प्रश्नहरुको जवाफ दिनु भयो। साथै उक्त कार्यक्रममा उठेका सवालहरुमा कार्यालयबाट कार्यान्वयन स्तरमा रहेका समस्याहरु यस कार्यालयबाट तदारुकताका साथ समाधान गर्ने तथा नीतिगत रुपमा सम्बोधन गर्नुपर्ने विषयहरुलाई विभागमा जानकारी गराउने प्रतिबद्धता जनाइयो। कार्यक्रममा सहभागी भएका सेवाग्राही करदाताहरुले अन्तरक्रिया कार्यक्रमले आफूहरुलाई कर कार्यालयसाग नजिकिने अवसर प्रदान गरेको उल्लेख गर्दै यस्ता कार्यक्रमहरु निरन्तर रुपमा सम्पन्न गरी करदाता र कर प्रशासनबीच सुमधुर सम्बन्ध विकसित गर्नुपर्ने सुझाव दिनु भएको थियो।

## करदाता सेवा कार्यालय, कोटेश्वर

चौथो राष्ट्रिय कर दिवस तथा कर सप्ताह २०७२ को अवसरमा मंसिर ३ गते करदाता शिक्षा तथा अन्तरकृया कार्यक्रमको आयोजना गरियो। काठमाडौं महानगरपालिका वडा नं. ३५ पेप्सीकोलामा सम्पन्न भएको कार्यक्रममा मनोहरा निर्माण सामाग्री व्यवसायी संघका अध्यक्ष लगायतका पदाधिकारीहरु तथा व्यवसायीहरुको उपस्थिति रहेको थियो। उक्त कार्यक्रममा करदातालाई आर्थिक ऐन, २०७२ ले गरेका छुट तथा मिन्हा सम्वन्धी सुविधा र आर्थिक ऐनले मूल्य अभिबृद्धि कर ऐन, आयकर ऐन र अन्तःशुल्क ऐन मा भएको संशोधनको बारेमा कर अधिकृत श्री विनोद पौडेलले जानकारी गराउनुभएको थियो। कार्यक्रममा करदाताहरुले घरबहाल कर बुझाउने सम्वन्धमा स्पष्ट प्रावधान नभएकोले द्विविधा भएको, करको दर नभई दायरा बढाउनु पर्ने, भुकम्पबाट भएको क्षतीको हिसाव मिलान बारेमा जिज्ञासा राखेका थिए। यसैगरी मंसिर ४ गते प्रमुख कर अधिकृत श्री जगदीश वसेलको उपस्थितिमा करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम

सञ्चालन गरियो । उक्त कार्यक्रममा कर अधिकृत ईश्वरीलक्ष्मी भोमीले आर्थिक ऐन, २०७२ ले दिएका मिन्हा तथा छुट सम्वन्धि सुविधाको बारेमा करदातालाई जानकारी गराउनुभएको थियो । कार्यक्रममा करदाताहरुले करको दर नवढाइ दायरा विस्तार गर्नुपर्ने, अहिलेको असहज परिस्थितिमा तोकिएको दर अनुसारको कर तिर्न पनि साना व्यावसायीहरुलाई कठिनाइ




भएकोले सो विषयमा कार्यालयले विषेश ध्यान दिनुपर्ने विषय उठान गरेको थिए । त्यसैगरी भुकम्प वाट प्रभावित व्यावसायको मात्र नभइ घर क्षति भएका व्यावसायीहरुलाई पनि राहात दिनुपर्ने लगायतका सुझाबहरु प्राप्त भएका थिए । कोटेश्वर व्यवसायी संघका अध्यक्ष श्री हरिशरण पाठकले सम्पूर्ण ब्यबसायीको तर्फवाट आर्थिक ऐन, २०७२ ले दिएका छुट सुविधाहरुको बारेमा सवैलाई जानकारी गराउने प्रतिबद्धता व्यक्त गर्दै करदाता सेवा कार्यालयलाई निरन्तर सहयोग गर्दै आईरहेको र अझै सहयोग गर्न तयार रहेको र व्यावसायी साथिहरुले ल्याएका कुराहरुलाई करदाता सेवा कार्यालयबाट अझ बढी सहयोग होस भनि कर सप्ताहको शुभकामना सहितको मन्तव्य राख्नु भएको थियो ।

## करदाता सेवा कार्यालय, इलाम

चौथो राष्ट्रिय कर दिवस तथा कर सप्ताह २०७२ सन्दर्भमा करदाता सेवा कार्यालय इलामले मंसिर १ गते देखि ६ गते सम्म कर सम्वन्धी जनचेतना मूलक सन्देश प्रचार प्रसार गरियो । सोही अवसरमा ५ गते ईलाम उद्योग वाणिज्य संघसंगको सहकार्यमा ईलाम जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री विष्णुबहादुर कार्की एवं आन्तरिक राजस्व कार्यालय भद्रपुरका प्रमुख कर अधिकृत श्री निर्मल ढकाल समेतको उपस्थितीमा बृहत करदाता



शिक्षा छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो ।

## करदाता सेवा कार्यालय, बालाजु

चौथो राष्ट्रिय कर दिवस तथा कर सप्ताह २०७२ को अवसरमा आन्तरिक राजस्व विभागले आयोजना गरेको केन्द्रीयस्तरको कार्यक्रममा मंसिर १ गते विभागको प्रांगणमा कार्यालयका कर्मचारी उपस्थित भई र्‍यालि सहित प्रज्ञा प्रतिष्ठानमा आयोजना भएको राष्ट्रिय स्तरको कार्यक्रममा सहभागी भयो । मंसिर २ गते कार्यालयमा सेवा लिन आएका पहिलो करदातालाई कार्यालयका प्रमुख कर अधिकृत श्री नारायणप्रसाद भण्डारीवाट फूलमाला तथा अविर लगाई सम्मान गरियो । त्यसैगरी मंसिर ३ गते कार्यालयको प्रांगणमा आर्थिक ऐन, २०७२ ले गरेका छुट सुविधा, थपघट तथा संशोधन र करदाताले पालना गर्नुपर्ने दायित्वका विषयमा अन्तरक्रिया



कार्यक्रम संचालन गरियो । कार्यक्रममा कर अधिकृत वसन्तराज तिवारीले आर्थिक ऐन, २०७२ ले प्रदान गरेका छुट सुविधा तथा संशोधन र करदाताले पालना गर्नुपर्ने दायित्वका विषयमा कार्यपत्र पेश गर्नुभएको थियो ।

मंसिर ४ गते र नुवाकोट उद्योग वाणिज्य संघको सयुक्त आयोजनामा आर्थिक ऐन २०७२ ले गरेका स्किम, थपघट तथा संशोधन र करदाताले पालना गर्नुपर्ने दायित्वका विषयमा अन्तरक्रिया कार्यक्रम संचालन गरियो । मंसिर ५ गते नेपाल चिन केरुङ व्यापार संघको आयोजनामा टिमुरे गा.वि.समा आर्थिक ऐन, २०७२ ले गरेका स्किम, थपघट तथा संशोधन र करदाताले पालना गर्नुपर्ने दायित्वका विषयमा अन्तरक्रिया कार्यक्रम संचालन गरियो ।

## करदाता सेवा कार्यालय, चावहिल

चोथो राष्ट्रिय कर दिवस तथा कर सप्ताह २०७२ को उपलक्ष्यमा मंसिर १ गते विभागद्वारा आयोजित प्रभातिफेरी तथा मूल समारोहमा कार्यालयको तर्फबाट व्यानर र प्लेकार्ड सहितको कर्मचारी सहभागिता




जनाईयो । कर सप्ताहको दोस्रो दिन सेवा लिन आएका पहिलो करदातालाई खादा र अविरले सम्मानित गरिएको थियो । मंसिर ५ गते नेपाल निर्माण सामग्री व्यापार संघ काठमाडौंसँगको सहकार्यमा चावहिल चोकमा रक्तदान कार्यक्रम सम्पन्न भयो । त्यसैगरी मंसिर ५ गते नै कार्यालयको सभाहलमा करदाता शिक्षा तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भयो । कर सप्ताहकै अवसरमा विभिन्न स्थानमा पर्चा वितरण गरी प्रचार प्रसार गरिनुका साथै पत्र पत्रिकामा सूचना मूलक सामग्री प्रचार प्रसार गरिएको थियो ।

## २ पेजको बांकी...

कर तर्फ ८ सय ७५, आयकर तर्फ ७ सय १६ र अन्तशुल्क तर्फ ५५ गरी जम्मा १ हजार ६ सय ४६ करदाताको बैकखाता रोक्का, घर जग्गा बिक्री रोक्का गरी कानूनी कारवाही अगाडि बढाइएको छ । करदाता शिक्षा कार्यक्रम १ हजार १ सय ६४ वटा सम्पन्न भएको छ

- नेपाल सरकारले समग्र कर प्रणाली, कर संगठन, नीति, कानून र संरचनाहरुमा समसामयिक विषयमा सुझाव दिने उद्देश्यले उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोग गठन गरी सो आयोगले आफ्नो कार्य सम्पन्न गरी २०७२ आषाढ १५ गते प्रतिवेदन प्राप्त भैसकेकोले त्यसको क्रमश: कार्यान्वयन गर्ने कार्य समेत शुरु भैसकेको छ ।
- यस वर्ष हामीले करदाता शिक्षा प्रवर्द्धनका लागि नयाँ वेभ साइट तयार गरी लागू गरेका छौं। हाम्रा तथ्यांकको सुरक्षाको लागि Disaster Recovery Center संचालनमा ल्याएका छौं । कम्प्युटरको विलिङ्गको निर्देशिका तयार गरी लागू भैसकेको छ । दोहोरो कर मुक्ति संझौताको लागि सिगापुरसंग पहिलो चरणको वार्ता गरिएको वंगलादेशसंग चौथो चरणको वार्ता सकिएको र ओमानसंग संझौताको लागि आवश्यक प्रकृया बढाइएको र मलेसियासंग दोश्रो चरणको वार्ता प्रकृया बढाइएको छ । सबै कार्यालयहरुमा Integrated Tax System लागू भएको छ भने काठमाण्डौ उपत्यका बाहिर पनि RMIS लागू भएको छ ।
- तीन वर्षे सुधार योजना र पांच बर्षे रणनीतिक योजना लागू भैरहेको सन्दर्भमा हामीले केही अपेक्षा राखेका थियौं । पाँच बर्षे रणनीतिक योजनाको अन्तिम वर्ष २०१६।१७ सम्म जि.डि.पि.मा राजस्वको योगदान १८ पुऱ्याउने लक्ष लिएकोमा हाल १७.६४ पुगेको छ। त्यसै गरी मूल्य अभिवृद्धि कर तर्फ ५.५८ लक्ष लिएकोमा ५.६४ पुगेको छ । आयकरको जि.डि.पि.मा ५.४६ लक्ष लिएकोमा हालसम्म ४.१६ पुगेको छ । अन्तशुल्कको जि.डि.पि.मा ३.१७ लक्ष भएकोमा २.५२ सम्म पुगेको छ ।
- यस वर्ष हामीलाई राजस्व असुलीको लक्ष १९४ अर्ब ६८ करोड प्राप्त भएको छ । यस आर्थिक वर्षको शुरु महिना श्रावणमा लक्षको तुलनामा १०३ प्रतिशत र विगत वर्षको तुलनामा १२८ प्रतिशत असुली भएकोमा पछिका महिनामा राजस्व असुली लक्ष अनुसार पुरा हुन सकेको छैन । विगत ३ महिना देखिको अवरोधले आयात निर्यातमा प्रतिकूल प्रभाव पारेको छ। सहज आपूर्ति हुन नसक्दा उद्योग, व्यापार, पर्यटन, निर्माण तथा उत्पादन क्षेत्रका उद्योगहरुमा प्रत्यक्षरुपमा असर गरी राजस्व असुलीमा प्रत्यक्ष प्रभाव पारेको कुरा म यहाँ अवगत गराउन चाहन्छु ।
- कर प्रशासनमा सुधार गर्दै जाने क्रममा यस वर्षको आर्थिक ऐनको माध्यमबाट हामीले ४० लाख भन्दा बढी आय भएका ब्यक्तिले अनिवार्यरुपमा आय विवरण पेश गर्नु पर्ने नयाँ व्यवस्था गरेका छौ । करदाताको निरन्तरको माग र प्रशासनिक लागत र राजस्व असुलीको योगदानको मूल्याकनबाट मूल्य अभिवृद्धि करको थ्रेस होल्ड विस्तार गरी ५० लाख पुऱ्याइएको छ । मूल्य अभिवृद्धि करमा दर्ता हुन नपर्ने ५० लाखसम्म कारोवार भएका करदातालाई कारोवारको आधारमा कर लाग्ने व्यवस्था गरिएको छ। विभिन्न सुविधाहरुको माध्यम र प्रशासनिक सुधारबाट करको दायरा विस्तार गर्ने, नयाँ कराधारको खोजी गर्ने, पूंजीगत लाभकरको निर्देशिकालाई कार्यान्वयनमा ल्याई अनुगमनलाई प्रभावकारी बनाउने, सूचना प्रविधिमा समय सापेक्ष सुधार र प्रयोग बढाउने, करदाता शिक्षा र सूचना प्रवाहलाई प्रभावकारी बनाउने, करदाताको विस्तृत र अद्यावधिक अभिलेख राख्नको लागि दरखास्तको ढाँचामा सुधार गरी कार्यान्वयनमा ल्याउने, आवश्यक निर्देशिकाहरु तयार गर्ने, परिमार्जन गर्ने, इलेक्ट्रोनिक क्यास रजिस्टर तोकिएको करदातामा लागू गर्ने जस्ता धेरै कार्यहरु कार्य योजना बनाई शुरु गरिसकेको छौ ।
- तर पनि हाम्रो कर प्रशासन र कर प्रणालीमा अझ पनि धेरै चुनौतिहरु हाम्रा अगाडि छन्। महाभूकम्पले गरेको क्षतिग्रत संरचनाको पुन निर्माण र नवनिर्माण र विपतमा परेकालाई राहत उपलब्ध गराउन थप स्रोतको खाँचो छ भने अर्को तर्फ यसबाट राजस्व असुलीमा पर्न गएको प्रभावलाई न्यूनीकरण गर्दै लक्ष हासिल गर्नुपर्ने छ । सूचना प्रविधिले ल्याएको परिवर्तन र त्यसको माध्यमबाट गरिने ब्यापार ब्यावसायको कराधारलाई सुरक्षित गर्नुपर्ने र WTO. BIMSTEC. SAFTA भएको राष्ट्रिय प्रतिवद्धता अनुरुपका कार्यविधि पालना गर्नु पर्ने छ ।
- GDP मा करको योगदानलाई वृद्धि गर्नुपर्ने छ भने अनौपचारिक कारोवारबाट करको दायरा भित्र ल्याउनु पर्ने छ। त्यसै गरी न्यून मूल्याकन र अधिक मूल्याकन समस्याको रुपमा छ । खुला सीमानाको कारणले गर्दा अवैध कारोवार तथा कर चुहावट नियन्त्रणको समस्या छ । बिल नकाट्ने, दर्ता नभई कारोवार गर्ने, कारोवारको लेखा सही किसिमले नराख्ने, लेखाको आधारमा समयमा विवरण नबुझाउने, वाकी बक्यौता समयमा भुक्तानी नगर्ने, नक्कली विलबाट कारोवार गर्ने, झुट्ठा लेखा तयार गर्ने अतिरिक्त तत्कालिन अवस्थामा सृजना भएका आयात निर्यात अवरोध र त्यसले पारेको प्रभावलाई न्यूनीकरण गर्ने जस्ता चुनौतीहरु हाम्रो अगाडि छन ।




- यी चुनौतिहरुका बीचमा हामीले चौथो कर दिवस मनाइरहेका छौ । यस वर्ष हामीले चौथो राष्ट्रिय कर दिवशको नारा '**समृद्ध राष्ट्र निर्माण र फराकिलो कराधार : करदातामैत्री एवं सुदृढ कर प्रणाली पूर्वाधार**' तय गरेका छौ । यसको प्रमुख उद्देश्य आम करदाता र नागरिक बीचमा कर सम्बन्धी चेतना अभिवृद्धि गर्दै यसको महत्वको बारेमा सुसुचित गर्नु रहेको छ। यस दिवसको हौसलाबाट हामीले राजस्वको चुनौतिपूर्ण लक्ष्यलाई पूरा गर्नुपर्ने कार्यप्रणाली शुरु गरेका छौं। करको दायरा विस्तार गर्दै स्वेच्छिक कर सहजीकृत अभिवृद्धि गर्ने हाम्रो नीति प्रभावकारीरुपमा संचालन गरेका छौ । कर चुहावट नियन्त्रणको लागि सूचना

स्रोतहरुमा पहुँच पुऱ्याई अनुसन्धानतर्फ गुणस्तरयुक्त बनाउदै लगिएको छ। कर परीक्षणलाई समय सापेक्ष सुधार गरिएको छ। बढ्दो Non filer लाई निश्चित सीमामा ल्याउनु कार्ययोजना बनाइएको छ। बेरुजु बक्यौता जस्ता विषयलाई प्रभावकारी रुपमा फछ्यौंट गराई निश्चित सीमा भित्र ल्याउन अग्रसर छौ संगठनात्मक संरचनामा समय सापेक्ष परिवर्तन ल्याउन अगाडि बढेका छौ। हाम्रो आचरण र कार्य संस्कृतिमा समय सापेक्ष सुधार हुदै गएको छ। हाम्रो सुधारको कार्य सूचीलाई आत्मसाथ गर्न सकेमा मात्र हामीले लिएको लक्ष्य र उद्देश्य पूरा हुनेछ। राष्ट्को कर नीतिले अपेक्षा गरेका लक्ष्यहरु हासिल गर्ने, कर प्रशासनलाई स्वच्छ, दक्ष, प्रभावकारी, मितव्ययी र स्वचालित सूचना प्रविधि युक्त बनाउँदै करदातामैत्री कर प्रशासन, गुणस्तरयुक्त सेवा प्रदान गर्ने एक मात्र ध्येय रहेको छ।

- कर प्रशासनले समतामूलक व्यवहार, करदाताको सम्मान, सदाचारिता र प्रतिवद्धता सहकार्य र नविन सोच र मूल्य मान्यतामा आधारित कार्य सम्पादन गर्दै आएको छ। हाल भैरहेका विद्यमान नीतिहरुमा समय सापेक्ष सुधार गर्दै जाने, करदाता सेवा, सूचना र संचारलाई महत्वपूर्ण सुधारको रुपमा लिने, आधुनिक प्रविधिको प्रयोगलाई व्यापक र गुणस्तर युक्त बनाउने र सांगठनिक प्रणालीको सुदृढीकरण र सक्षम जनशक्तिको परिचालन गर्ने थप उद्देश्यका साथ यस विभाग क्रियाशील रहेको छ। हाम्रो यस चौथो राष्ट्रिय कर दिवसको अवसरमा हामीले लिएका लक्ष्य र नीतिहरुलाई प्रभावकारी कार्यान्वयन गर्ने दिशामा अठोटका साथ लाग्न सकेमा मात्र यी उद्देश्य पूरा हुन सक्नेछ भन्ने मैले विश्वास लिएको छु।

अन्त्यमा यस कार्यक्रममा व्यस्तताको बाबजुद उपस्थित भै हाम्रो हौसला बढाउने माननीय अर्थमन्त्रीज्यू अर्थ मन्त्रालयका सचिवज्यूहरु बिभिन्न निकायबाट पाल्नु भएको प्रमुखज्यूहरु सुरक्षा निकायका प्रमुखज्यू निजीका प्रतिनिधिहरु, पत्रकार लगायत सम्पूर्ण महानुभावहरुलाई हार्दिक स्वागत गर्दै मन्तव्य अन्त्य गर्ने अनुमति चाहन्छु।

(**चौथो राष्ट्रिय कर दिवस २०७२ को अवसरमा मंसिर १ गते आयोजित कार्यक्रममा महानिर्देश श्री चुडामणि शर्माले दिनु भएको मन्तव्य**)

## ९ पेजको बांकी...

स्थिति झल्कने कार्यपत्र प्रस्तुत गर्नुहुँदै नीतिगत सुधार र कर कानुनको परिपालनामा अभिवृद्धि गर्ने, करदाता शिक्षा तथा कर सचेतना विस्तार गर्ने, आधुनिक प्रविधिको अधिकाधिक मात्रामा उपयोग गर्ने, सांगठनिक प्रणालीको सुदृढीकरण र सक्षम जनशक्तिको परिचालन गर्ने प्रतिवद्धता समेत व्यक्त गर्नुभयो। उहाँले आन्तरिक राजस्व विभागको संरचना, विभाग अन्तर्गतका विभिन्न



शाखाहरुको काम कारवाहीकाका वारेमा समेत उल्लेख गर्नु भएको थियो।

महानिर्देशक शर्माले विभागले अर्थ मन्त्रालयसँग नीतिगत निर्देशन रसमस्याको सहज समाधान, अवसरको समन्यायिक वितरण, दक्ष जनशक्तिको निरन्तरता, असल कामका लागि प्रतिरक्षा, प्रयाप्त स्रोत साधनको व्यवस्था आदिको अपेक्षा गरेको व्यहोरा अवगत गराउनु भयो।

कार्यक्रममा अर्थमन्त्रालय राजस्व व्यवस्थापन महाशाखा प्रमुख श्री लक्ष्मण अर्याल, प्रशासन महाशाखा प्रमुख श्री शंकर खरेल, आन्तरिक राजस्व विभागका उपमहानिर्देशकहरु श्री राममणि दुवाडी, श्री किशोरजंग कार्की, श्री लक्ष्मीप्रसाद यादव, निर्देशकहरु र काठमाडौं उपत्यका भित्रका ठूला करदाता कार्याल, आन्तरिक राजस्व कार्यालय, क्षेत्र नं. १, २ र ३ तथा करदाता सेवा कार्यालयका कार्यालय प्रमुखहरुको उपस्थिति रहेको थियो।

## १ पेजको बांकी...

करोड ८५ लाख ८९ हजार संकलन भएको छ। शिक्षा सेवा शुल्क तर्फ लक्ष्यको तुलनामा ८३ प्रतिशत र स्वास्थ्यसेवा कर तर्फ लक्ष्यको तुलनामा ७५ प्रतिशत संकलन भएको छ। गत वर्षको तुलनामा आयकर वृद्धिदर ९८ प्रतिशत, मूल्य अभिवृद्धि कर वृद्धिदर ११८ प्रतिशत, अन्तशुल्कको वृद्धिदर ८५ प्रतिशत, स्वास्थ्य सेवा कर वृद्धिदर ११० प्रतिशत र शिक्षा सेवा शुल्क वृद्धिदर ११६ प्रतिशत रहेको छ। सात वटा कार्यालयको लक्ष्य पुगेको र २९ वटा कार्यालयको लक्ष्य बमोजिम प्रगति हुन सकेको छैन। राजस्व असुलीमा मुख्य गरी दैनिकरुपमा असुली हुने अन्तःशुल्कको असुली लक्ष्यको तुलनामा कम रहेको छ। आन्तरिक राजस्व कार्यालय विरगञ्ज तोडफोड भएको र २ वटा सवारी साधन जलाइएको साथै करदाता सेवा शाखाको सामाग्री समेत नष्ट गरिएको र हालसम्म पनि उक्त कार्यालय संचालनमा आउन सकेको छैन। तराइका कार्यालयहरुमध्ये आन्तरिक राजस्व कार्यालयहरु जनकपुर, लहान, विरगञ्ज र कृष्णनगर पूर्णरुपमा संचालनमा आउन सकेको छैन। आय विवरण तथा कर छुट हुने संस्थाको विवरण, मू.अ.कर विवरण, अन्तःशुल्क विवरण, शिक्षा सेवा शुल्क, स्वास्थ्य सेवा कर, अग्रिम कर कट्टीको विवरण र कर बुझाउने म्याद समेत थप गरिएको छ।

**प्रकाशक**
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं
फोन नं.: ०१-४४१५८०२, ४४१५८०३, ४४१९७१९
Email: taxbulletin@ird.gov.np
website: www.ird.gov.np

**संरक्षक**
चुडामणि शर्मा

**संयोजन**
दीपक अधिकारी

**सल्लाहकार**
राममणि दुवाडी किशोरजंग कार्की
लक्ष्मीप्रसाद यादव

**सम्पादन समूह**
सम्झना बराल अर्जुनप्रसाद भट्टराई
शिवलाल तिवारी प्रकाश शर्मा ढकाल
आनन्द काफ्ले